# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक २१२ | काठमाडौं | बिहीबार, १३ मंसिर २०८१ | Prabhab National Daily | Thursday, November 28, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७र९७६१८१५४०००र
९८४११५१२१७र९८४१२४६२६९
marketing2prabhab@gmail.com


विद्युत् महसुल विवाद

## बक्यौता नतिर्ने उद्योगविरूद्ध प्राधिकरण थप आक्रामक




- सरकारले विद्युत् काट्न नदिएपछि बक्यौता नतिर्ने ३४ उद्योगीविरूद्ध प्राधिकरणको नयाँ कदम
- बैंक खाता, सेयर र आइपिओ रोक्का गरिदिन सरोकारवाला निकायलाई पत्राचार
- बक्यौता नतिर्ने उद्योगीको घरको लाइनसमेत काट्नसक्ने प्राधिकरणद्वारा विद्युत् नियमन आयोगलाई जानकारी

■ **जेबी योञ्जन**

**काठमाडौं–** बिजुलीको बक्यौता बाँकी रहेका उद्योगीहरूको लाइन काट्न नदिन सरकारले एकपछि अर्को दबाबमा पारेपछि नेपाल विद्युत् प्राधिकरणका प्रबन्ध निर्देशक कुलमान घिसिङले थप आक्रामक कदम चालेका छन् । उनले बक्यौता नतिर्ने ३४ उद्योगको नामसमेत उल्लेख गरी ती उद्योगहरूको बैंक खाता रोक्का गरिदिन नेपाल राष्ट्र बैंकलाई पत्राचार गरेका छन् । यस्तै, सेयर रोक्का गरिदिन कम्पनी रजिस्ट्रारको कार्यालय र प्राथमिक सेयर निस्कासन (आइपिओ) रोक्का गरिदिन नेपाल धितोपत्र बोर्डलाई आग्रह गरेका छन् ।

उक्त जानकारी प्राधिकरणले विद्युत् नियमन आयोगलाईसमेत गराएका छन् । आयोगले मंगलबारमात्रै प्राधिकरणलाई तत्काल विद्युत् नकाट्न निर्देशन दिएको थियो । सरकारले जाँचबुझ समिति गठन गरिसकेकोले समितिको प्रतिवेदन नआएसम्म विद्युत् यथावत् राख्न निर्देशन दिइएको हो । मन्त्रिपरिषद् बैठकको निर्णयअनुसार पछिल्लोपटक १५ दिनका लागि बक्यौता तिर्ने अवधि दिएकोमा फेरि पनि उद्योगहरूले नतिरेपछि प्राधिकरणका प्रबन्ध निर्देशक घिसिङ कडा रूपमा प्रस्तुत भएका हुन् ।

क्रमशः पृष्ठ २ मा

### कुन उद्योगको बक्यौता कति

१. बाबा जुट मिल - २,४९,२६,५४९
२. रघुपति जुट मिल - ८,५१,४०,३७५
३. रिलायन्स स्पिनिङ मिल्स - ७५,३६,८४,३३५
४. निगाले सिमेन्ट प्रालि- ५,८१,१८,००८
५. अरिहन्त मल्टिफाइबर लि. - ११,५२,९६,२७९
६. अरिहन्त पोलिप्याक लि.- ६,६२,४७,०५०
७. मारूती सिमेण्ट प्रालि - ५७,४४,७९,४९३
८. त्रिवेणी सिन्थेटिक यार्न इण्डस्ट्रिज प्रालि, -४,३९,८३,१७९
९. हिमाल आइरन एण्ड स्टिल- १३,६५,०१,९०२
१०. त्रिवेणी स्पिनिङ मिल्स - ३२,९,८६,७९३
११. जगदम्बा स्टिल प्रालि, - १,६०,१८,४३,१२५
१२. अशोक स्टिल - १७,५८,१४,४०६
१३. हुलास स्टिल - १४,१२,५,८६२
१४. हामा आइरन -५,८५,१७,९३६
१५. एभरेस्ट पेपर मिल - ९,४४,२१,४९६
१६. कसमस सिमेन्ट फ्याक्ट्री- ९,७७,२५,५१५
१७. युनाइटेड सिमेण्ट प्रालि- ११,३६,८३,९०९
१८. अर्घाखाँची सिमेन्ट इन्डस्ट्रिज- ४४,८४,३२,५७३
१९. विशाल सिमेन्ट इन्डस्ट्रिज- ३,३५,२५,९१५
२०. एभरेस्ट रोलिङ मिल - १७,५७,८०९
२१. जगदम्बा सिन्थेटिक - २०,५०,४३,९८९
२२. एसआर फुड्स - १,४८,५४,८९२
२३. घराना फुड्स -१,८७,६९,३५३
२४. सिद्धार्थ पेटप्लास्ट - १,८२,८६,३३३
२५. गोयन्का फुडस - १,४७,६७,३१९
२६. भलवारी स्वचालित कारखाना- २९,९३,६४५
२७. श्याम प्लास्टिक उद्योग- ४९,०९,६७७
२८. पन्चकन्या प्लास्टिक इन्डस्ट्रिज- २४,६३,८७६
२९. पन्चकन्या स्टिल इन्डस्ट्रिज - ५२,१९,३६२
३०. एस आर स्टिल इन्डस्ट्रिज - १६,२४,५९७
३१. बुटवल सिमेन्ट - १८,४५,४९,४८१
३२. लक्ष्मी स्टिल - २३,७९,३१,०३७
३३. सोनापुर मिनरल एण्ड आयल प्रालि - २४,२९,९९,२७३
३४. घोराही सिमेण्ट उद्योग - ५०,८५,३५,३४१

कूल बक्यौता- ६,४०,९२,४०,७०१

# बिआरआई कार्यान्वयनबारे सत्तापक्षकै नोकझोक

### ऋण लिँदा भावनामा बग्न हुन्न



**डा. प्रकाशशरण महत**
**प्रवक्ता, नेपाली कांग्रेस**

सरकारलाई बिआरआईको ड्राफ्ट आएको भन्ने कुरा सुन्नमा आएको छ । यसमा ऋणदेखि परियोजनाका कुरा आएका छन् रे । यो एउटा बृहत् सहमतिको डकुमेन्ट हो । मेरो पालामा भएको सहमतिमा ऋण लिने कुरै थिएन । कनेक्टिभिटी र लगानीको कुरामात्र थियो ।

हामी देशको हितमा प्रस्ट हुनुपर्छ । हामी हाम्रा कुरा राख्न हिच्किचाउँछौं । उनीहरूकै कुरामा सही थप्छौं । हिच्किचाउँदा पछि समस्यामा पर्छ । 'मिस अन्डरस्ट्यान्डिङ' हुन्छ । अहिले नै यो सम्झौतामा हस्ताक्षर गर्न हुन्न । छिमेकीलाई हामी ऋणमा छौं, थप ऋण लिन सक्दैनौं भन्ने अधिकार हामीलाई छ । भावनामा नबगी चनाखो बनेरमात्र ऋण लिनुपर्छ । बिआरआईको सन्दर्भमा मात्र हैन । अरू देशको पनि ऋण लिनुहुन्न ।

### हस्ताक्षर गरिसकेपछि बहसमा उत्रिन हुन्न



**प्रदीप ज्ञवाली**
**उपमहासचिव**
**नेकपा एमाले**

पहिले सम्झौता गर्ने, पछि बहसमा उत्रिँदा बिआरआई गिजोलिने अवस्थामा पुगेको छ । पहिला पर्याप्त मात्रामा बहस हुन जरूरी छ । अनिमात्र समझदारी गर्नुपर्छ । हामीकहाँ पहिला सहमति गर्ने अनि बहसमा उत्रिने परिपाटी छ । हिजो महाकाली सन्धि गर्दा त्यस्तै भयो, झण्डै एउटा पार्टी फुट्ने अवस्थामा पुग्यो । अनि एमसिसीको पालामा हस्ताक्षर भयो । अनि बहसमा उत्रियौं । किचलो फैलियो । बिआरआईमा पनि यस्तै किचलो फैलिने चिन्ता देखियो ।

बिआरआईमा सन् २०१७ मा हस्ताक्षर भयो । २०१८ मा हामी सरकारमा आयौं । हामीलाई कार्यान्वयनको ड्राफ्ट आयो । हामीले इनपुट दियौं । यो क्रम चलिरहेको छ । ड्राफ्ट हेर्न पाएनौं भन्ने कुरा आयो । त्यसरी भन्न उचित हुन्न जस्तो लाग्छ । गोपनीयताको कुरा पनि हुन्छ नि । अहिले नै लिएर ठूला परियोजनामा ऋण लिनसक्ने अवस्था छैन । अहिलेको अवस्थामा बिआरआईअन्तर्गत ऋण लिएर ठूला परियोजना अगाडि बढाउन सकिँदैन । सरकारका दुई पार्टीबीच सहमति भएको छ । एमसिसीको विषय गिजोलिँदै गर्दा बेइजिङ र वासिङ्टनबाट घण्टा-घण्टामा वक्तव्य आउने अवस्था सिर्जना भयो । अहिले बिआरआईको बहस गिजोल्दा त्यो समस्या नआउला भन्न सकिन्न । अहिलेको बहस 'लोन भर्सेस ग्रान्ट' (ऋणविरूद्ध अनुदान) हुनु हुँदैन ।

### हामीलाई मस्यौदा नै दिएनन्



**राजकिशोर यादव**
**सभापति, अन्तर्राष्ट्रिय सम्बन्ध तथा पर्यटन समिति**

बिआरआई सम्झौताका लागि ड्राफ्ट (मस्यौदा) आयो भन्ने कुरा हामीले सूचना पायौं । हामीलाई 'कन्फिडेन्सियल' भनेर दिइएन । हामीले भ्रमणबारे जानकारी लिन प्रधानमन्त्री बोलायौं, आउनुभएन । परराष्ट्रमन्त्रीलाई बोलायौं । तर, पछि मन्त्रीज्यूले फोन गर्दै भन्नुभयो- कर्मचारीले नजाऊ, त्यता घुमाइदिन्छन् भने ।

परराष्ट्र समितिमा प्रधानमन्त्रीदेखि पूर्वप्रधानमन्त्रीहरू हुनुहुन्छ । समितिमा सहमति हुनु भनेको राष्ट्रिय सहमति हुनु हो नि । अन्तर्राष्ट्रिय सम्बन्ध सडकमा खपतको विषय बन्दा समस्या भयो । पार्टीको क्षणिक लाभ कुण्ठालाई सम्बोधन गर्ने गरी बहसमा ल्याउँदा समस्या बढ्यो । हामीकहाँ भारतीयभन्दा बढ्दा भारतीय, चिनियाँभन्दा बढ्दा चिनियाँ र अमेरिकनभन्दा बढ्ता अमेरिकन बन्ने परिपाटी छ । नेपाली बन्न सक्नुपर्छ । नेपाललाई केन्द्रमा राखेर बहस गर्न सक्नुपर्छ ।

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** बुधबार दिउँसो नेपाली कांग्रेसका महामन्त्री गगन थापाले विराटनगर पुगेर भने- चिनियाँ परियोजना बेल्ट एण्ड रोड इनिसियटिभ (बिआरआई) मा नेकपा एमाले र कांग्रेसको समान धारणा छ । 'अमेरिका, चीन, भारत, जापानजस्ता देशबाट अनुदानको अपेक्षा गर्छौं । यो पटक चीन भ्रमणमा पनि हाम्रो अपेक्षा त्यही रहन्छ । नेकपा एमालेको धारणा पनि यो भन्दा फरक छैन,' बिआरआईबाट ऋण लिन नहुने विषयमा एमालेसँग समान धारणा रहेको उनको तर्क थियो ।

तर, महामन्त्री थापाको भनाइ सेलाउन नपाउँदै काठमाडौंको सिंहदरबार नजिकै सत्ता साझेदार दलका दुई नेताबीच यस विषयमा नोकझोक नै चल्यो । सेन्टर फर सोसल इनोभेसन एण्ड फरेन पोलिसी नामक संस्थाले आयोजना गरेको बिआरआईबारेको कार्यक्रममा कांग्रेस प्रवक्ता डा. प्रकाशशरण महतले सरकारले ऋण नै लिनेगरी मस्यौदा आइसकेको छनक दिए । 'सरकारलाई बिआरआईको ड्राफ्ट आएको भन्ने कुरा सुन्नमा आएको छ । यसमा ऋणदेखि परियोजनाका कुरा आएका छन् रे,' प्रवक्ता महतले भने । तर नेपाली कांग्रेसलाई मस्यौदा हेर्नै नदिएकोतर्फ उनले इंगित गर्दै अहिले नै कार्यान्वयनमा हस्ताक्षर गर्न नहुने जिकिर गरे । 'अहिले नै यो सम्झौतामा हस्ताक्षर गर्न हुन्न,' उनले भने ।

एमाले उपमहासचिव प्रदीप ज्ञवालीले तत्कालै डा. महतको कुरामा कटाक्ष गरे । महत परराष्ट्रमन्त्री हुँदा उनैले अघि बढाएको बिआरआई सम्झौताको मस्यौदा हेर्न पाएन भन्न उचित नहुने ज्ञवालीको जवाफ थियो । 'बिआरआईमा हस्ताक्षर सन् २०१७ मा भयो । २०१८ मा हामी सरकारमा आयौं । हामीलाई कार्यान्वयनको ड्राफ्ट आयो । हामीले इनपुट दियौं ।

क्रमशः पृष्ठ २ मा

सन्दर्भ: वैदेशिक रोजगार

श्रममन्त्रीसँग इजरायली राजदूतको भेटवार्ता

# छनोट भइसकेका 'केयर गिभर' शीघ्र पठाउन आग्रह

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** इजरायलले दीर्घकालीन स्याहार केन्द्रमा काम गर्न छनोट भएका सहायक कामदार (केयर गिभर) लाई यथाशीघ्र पठाउन नेपाल सरकारसँग आग्रह गरेको छ । अमेरिकाको मध्यस्थतामा लेबनानको हिजबुल्लाह समूहसँग युद्धविरामको सहमति घोषणा गरेको इजरायलले केयर गिभर पठाउन नेपालसँग आग्रह गरेको हो ।

युद्धविराम घोषणा गरेलगत्तै इजरायलले नेपालबाट केयर गिभर लैजाने सम्बन्धमा नेपालका लागि इजरायली राजदूत श्मुलिक एरिई बासले श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीलाई भेटेर सो आग्रह गरेका हुन् । राजदूत बासले बुधबार मन्त्री भण्डारीसँग शिष्टाचार भेट गर्दै नेपाल र इजरायलबीच भएको द्विपक्षीय श्रम सम्झौताको कार्यान्वयन, केयर गिभरका रूपमा छनोट भएका नेपाली कामदारहरूलाई यथाशीघ्र इजरायल पठाउन आग्रह गरेको श्रम मन्त्रालयले जनाएको छ ।

राजदूत बासले हाल इजरायलमा युद्धविराम सुरु भएको हुँदा केयर गिभरमा छनोट भएका सबै नेपाली कामदारलाई क्रमशः लैजाने जानकारी गराएको मन्त्रालयका सहायक प्रवक्ता वसन्तबहादुर बोहराले बताए । उनका अनुसार राजदूत बासले नेपालीहरूलाई केयर गिभरबाहेक कृषि, निर्माणलगायतका अन्य क्षेत्रमासमेत रोजगारी उपलब्ध गराउने विषयमा छलफल गरेका थिए ।

इजरायलले कामदारको स्रोत मुलुकको रूपमा नेपाललाई सूचीकृत गर्ने, कृषि प्रविधि हस्तान्तरण गर्ने, सीप विकास, भाषा तालिम, स्वास्थ्य परीक्षण, श्रमिकको हक अधिकार संरक्षण र सुरक्षालगायतका विषयमा दुवै देशबीच थप कूटनीतिक पहल गर्ने विषयमा छलफल भएको मन्त्रालयले उल्लेख गरेको छ ।

राजदूत बाससँगको भेटमा मन्त्री भण्डारीले केयर गिभरको रूपमा इजरायल जान छनोट भई पर्खाइमा रहेका नेपालीहरूलाई यथाशीघ्र पठाउनका लागि परराष्ट्र मन्त्रालयसँग समन्वय र पहल गर्ने बताए । उनले कामदारको सीप विकास, भाषा तालिम, स्वास्थ्य परीक्षणलगायतका क्षेत्रमा कार्य गर्ने र आगामी दिनमा कृषि, निर्माणलगायतका क्षेत्रमा थप सीपयुक्त जनशक्ति पठाउने सम्बन्धमा सहकार्य गर्नुपर्नेमा जोड दिएको सहायक प्रवक्ता बोहराले बताए ।

क्रमशः पृष्ठ २ मा



## हुण्डी कारोबारलाई निरूत्साहित गर्दै दूतावास

इजरायलस्थित नेपाली राजदूतावासले हुण्डीमार्फत हुने कारोबारलाई निरुत्साहित गर्ने नीति लिएको छ । दूतावासले हुण्डीबाट नेपालमा पैसा (रकम) नपठाएको स्वघोषणा गर्ने नेपालीलाई तुरुन्त सेवा दिने घोषणा गरेको छ । दूतावासले एक सूचना जारी गर्दै नेपालमा हुण्डीमार्फत पैसा पठाउने गरेको जानकारीमा आएको भन्दै त्यसको न्यूनीकरणका लागि हुण्डी प्रयोग गरेको छैन भनी दूतावासमा स्व-घोषणा गर्नेलाई थप सेवाहरू प्रदान गर्ने उल्लेख गरेको छ ।

हुण्डी प्रयोग नगरेको स्व-घोषणा गर्ने सेवाग्राहीलाई दूतावासले राहदानी सेवासम्बन्धी सेवा तुरुन्त उपलब्ध गराउने, अन्य प्रमाणीकरण कागजातहरू तुरुन्त उपलब्ध गराउने, आय/आम्दानीका पत्र आवश्यक

क्रमशः पृष्ठ २ मा


जनहितमा जारी सन्देश



## पृष्ठ १ बाट क्रमशः

# बिआरआई...

यो क्रम चलिरहेको छ । ड्राफ्ट हेर्न पाएनौं भन्ने कुरा आयो । त्यस्तो भन्नु उचित हुन्न जस्तो लाग्छ,' पूर्वपरराष्ट्रमन्त्रीसमेत रहेका ज्ञवालीले भने । एमाले नेतृत्वमा रहेको सरकारमा कांग्रेस हिस्सेदार हो । संसद्को अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिका सभापति राजकिशोर यादवले पनि मस्यौदा आउँदा पनि छलफलका नदिएको दुखेसो गरे । 'हामीले ड्राफ्ट आयो भन्ने कुरा आयो । कन्फिडेन्सियल भनेर दिइएन । हामीले भ्रमणबारे जानकारी लिन प्रधानमन्त्री बोलायौं, आउनुभएन । परराष्ट्रमन्त्री बोलायौं, उहाँ पनि आउनुभएन,' सभापति यादवले भने ।

यसअघि सोमबार प्रधानमन्त्री केपी शर्मा ओलीले बिआरआईबारे निर्णय लिन पूर्वप्रधानमन्त्रीहरू र पूर्वपरराष्ट्रमन्त्रीहरूसँग राय लिएका थिए । उक्त छलफलमा बामपन्थी र नेपाली कांग्रेसको लाइन फरक देखिएको थियो । प्रधानमन्त्री ओली १७ मंसिरमा चीन भ्रमण जाने तय भइसकेको छ । चार दिनको भ्रमणमा प्रधानमन्त्रीले १८ मंसिरमा चिनियाँ राष्ट्रपति सी चिनफिङ र प्रधानमन्त्री लि छ्याङसँग बेग्लाबेग्लै भेटवार्ता गर्ने कार्यक्रम तय भएको छ । उनको भ्रमणमा नयाँ केही न केही सहमति गर्ने तयारीमा प्रधानमन्त्री र चिनियाँ पक्ष लागेको छ । प्रधानमन्त्री ओली २० मंसिरमा स्वदेश फर्किने भ्रमण तालिका छ ।

# बक्यौता नतिर्ने...

ती उद्योगहरूले लोडसेडिङको बेला डेडिकेटेड फिडर र ट्रंकलाइनबाट विद्युत् उपभोग गरेर महसुल नतिरेको प्राधिकरणको पत्रमा उल्लेख छ । प्राधिकरणले धितोपत्र बोर्डलाई लेखेको पत्रमा भनिएको छ, 'उक्त कम्पनी तथा निकायहरूले सर्वसाधारणमा सेयर जारी गर्ने इजाजतको लागि तहाँ निवेदन दिई कारबाही अगाडि बढाएमा विद्युत प्राधिकरण ऐन, २०४१ को दफा ३२ (क) बमोजिम सरकारी बाँकीसरह असुल गर्नुपर्ने रकमलाई दायित्वमा लेखांकन नगरेका निकाय वा कम्पनीमा सर्वसाधारणलाई सेयर बिक्रीको इजाजतमा रोक लगाई प्राधिकरणको रकम असुली गर्न र सर्वसाधारणको लगानी जोखिममा पर्न सक्ने अवस्थाको संरक्षण गर्ने कार्यमा आवश्यक सहयोग गरिदिनुहुन अनुरोध छ ।'

डेडिकेटेड फिडर तथा ट्रंकलाइन प्रयोग गरेर प्रिमियम महसुल नतिरेको भन्दै प्राधिकरणले ३४ उद्योगको खाता रोक्का गर्न अनुरोध गर्दै नेपाल राष्ट्र बैंकलाई पनि पत्र लेखेको छ । पत्रमा बक्यौता नतिर्ने उद्योगले बैंक तथा वित्तीय संस्थामा खोलेका सबै खाता रोक्का राख्न आग्रह गरिएको छ । मंगलबार विद्युत् नियमन आयोगले उद्योगमा बिजुली कटौती गर्नेबाहेकका अन्य विकल्प प्रयोग गर्दै बक्यौता उठाउन प्राधिकरणलाई निर्देशन दिएपछि उद्योगहरूको खाता रोक्का गर्न लागिएको हो ।

प्राधिकरणले कम्पनी रजिस्ट्रारको कार्यालयलाई पनि पत्र पठाएर बक्यौता नबुझाउने उद्योगका लगानीकर्ता अन्य कम्पनीको सञ्चालक भए सेयर किनबेचमा रोक लगाउन आग्रह गरेको छ । यसपटक उद्योगहरूमा विद्युत् लाइन भने नकाट्ने भएको छ । तर, यसअघि प्रबन्ध निर्देशक घिसिङले मन्त्रिपरिषद्को कात्तिक २५ को निर्णय र विद्युत् नियमन आयोगको मंसिर ११ को निर्देशनअनुसार धितोपत्र बोर्डको कार्यालयलाई बक्यौता नतिर्ने उद्योगको सेयर अनुमति रोक लगाउन पत्राचार गरेका हुन् । आयोगले प्राधिकरणले बक्यौता असुलीका लागि उद्योगको विद्युत् विच्छेदबाहेकका कारबाही गर्न निर्देशन दिएको थियो ।

प्रबन्ध निर्देशक घिसिङले बक्यौता नउठाई मन्त्रिपरिषद् बैठकको निर्णयअनुसार उद्योगहरूमा लाइन जोड्नु परेपछि यसअघि आक्रोशित हुँदै बारम्बार उद्योगीहरूलाई मौका नदिइने चेतावनी दिएका थिए । प्रधानमन्त्री केपी शर्मा ओलीको अध्यक्षतामा कात्तिकको अन्तिम साता बसेको मन्त्रिपरिषद् बैठकले १५ दिनभित्र बक्यौता उठाउने र २४ घण्टाभित्र काटिएका उद्योगहरूमा लाइन जोड्ने निर्णय गरेको थियो । यसपछि ऊर्जामन्त्री दीपक खड्काको अध्यक्षतामा बसेको नेपाल विद्युत् प्राधिकरण बोर्ड बैठकले पनि लाइन जोड्ने निर्णय गरेको थियो । अन्ततः बक्यौता नतिरेका उद्योगहरूमा लाइन जोड्न प्राधिकरण बाध्य भयो । यसलाई लिएर प्रबन्ध निर्देशक घिसिङले यदि १५ दिनभित्र बक्यौता नउठे त्यसको जिम्मा सरकार र ऊर्जा मन्त्रालयले लिनुपर्ने बताएका थिए । तर, बक्यौता उठेन । नउठेपछि घिसिङले बुधबार अर्कै कदम चालेका हुन् ।

यस्तै, बक्यौताबारे सरकारले टाइम अफ डे (टिओडी) मिटरको बिल उद्योगहरूमा पठाउने र त्यसको आधारमा उठाउने निर्णय यसअघि गरेको थियो । घिसिङले भने पहिल्यै टिओडी मिटरकै आधारमा बिल पठाएको र त्यसकै आधारमा बक्यौता उठाउने प्रस्ट पारेका थिए । उद्योगी र प्राधिकरणबीच बिलको बारेमा विवाद उत्पन्न भएपछि विद्युत नियमन आयोगले बिललाई स्वीकृत गरेको र सर्वोच्च अदालतले पनि पटक-पटक बिललाई मान्यता दिनेगरी फैसला गरेकाले अर्को बिल उद्योगीलाई नपठाउने पक्षमा घिसिङ छन् । उनले गिरिशचन्द्र लाल नेतृत्वको आयोग र आयोगको प्रतिवेदनको कार्यान्वयन गर्ने क्रममा मन्त्रिपरिषद् र प्राधिकरणको बोर्ड बैठकले गरेको निर्णयलाई चुनौती दिएका थिए । उद्योगीहरूले बक्यौता नतिरेर राजनीति गरेको भन्दै घिसिङ बारम्बार असन्तुष्ट छन् । बक्यौताको विषयलाई पनि विवादित बनाउन उद्योगीहरू लागेको उनको गुनासो छ ।

उद्योगीहरूले बिजुलीको महसुल नतिर्ने प्रवृत्ति बढ्दा त्यसको सोझो असर प्राधिकरणको वित्तीय क्षेत्रमा पर्ने घिसिङले बतउँदै आएका छन् । कतिपय सर्वसाधारण ग्राहकले त 'अर्बौं महसुल नतिर्ने उद्योगीहरूबाट बक्यौता नउठाउने अनि हामीले मात्रै तिर्नुपर्ने ?' भन्न थालेको गुनासो गरे । महसुल नतिर्ने प्रवृत्ति बढ्दै गए विद्युत् प्राधिकरण नै टाट पल्टिने उनको चेतावनी छ । उनका अनुसार प्राधिकरणले हरेक महिना विद्युत् उत्पादकहरूलाई करिब आठ अर्ब भुक्तानी दिनुपर्ने, दुई अर्ब प्राधिकरणको देशभर रहेका कार्यालय सञ्चालनमा प्रशासनिक खर्चसँगै उपकरण किन्ने, मर्मतसम्भार गर्नेमा खर्च हुने र एक अर्ब जति सरकारलाई कर तिर्नुपर्ने बताउने गरेका छन् । त्यसो हुँदा महसुल नतिर्ने प्रवृत्ति बढ्दै गए र कम्तीमा ११ अर्ब मासिक महसुल नउठे प्राधिकरण वित्तीयरूपमा थला पर्ने घिसिङले चेतावनी दिएका हुन् ।

# छनोट भएका...

राजदूत बासले नेपालबाट कामदार लैजान आतुर रहेको सन्देश दिँदै नेपाली कामदार केयर गिभरको क्षेत्रमा उत्कृष्ट रहेको भन्दै प्रशंसा गरेका थिए । यसअघि पनि इजरायलले आफ्नो मुलुकमा कुनै सुरक्षा जोखिम नरहेको भन्दै नेपाल सरकारलाई केयर गिभरमा छनोट भएका नेपालीलाई पठाउन आग्रह गर्दै आएको थियो ।

हाल इजरायलमा झण्डै चार हजार ५०० नेपाली काम गरिरहेको परराष्ट्र मन्त्रालयको तथ्यांकले देखाएको छ । अघिल्लो वर्ष केयर गिभरको रूपमा झण्डै एक हजार २०० नेपाली रोजगारीका लागि इजरायल गइसकेका छन् । सन् २०२४ का लागि इजरायल जान दुई हजार १०० नेपाली केयर गिभरमा छनोट भएका छन् । इजरायल युद्धरत अवस्थामा रहेकाले सुरक्षा चुनौती हुने भन्दै चौतर्फी आलोचना भएपछि नेपाल सरकारले छनोटमा परेका केयर गिभरलाई स्थिति सामान्य नभएसम्म नपठाउने निर्णय गरेको थियो । इजरायलले सन् २०२३ अक्टोबरदेखि हमास र हिज्बुल्ला समूहसँग युद्ध गरे पनि बुधबार युद्धविराम घोषणा गरेको छ ।

# हुण्डी कारोबारलाई...

परे तुरुन्त दिन सकिने जस्ता सेवाहरू शीघ्र उपलब्ध गराउने बताएको छ । यस्तै जानी/नजानी कोही कतै नेपालीहरूबाट हुँदै आएको हुण्डी व्यवहारका कारण भएका नोक्सानी र बेफाइदाबारे सबै पक्ष जानकार नै भएको जनाउँदै त्यसको न्यूनीकरणका लागि सहयोग गर्न पनि दूतावासले आग्रह गरेको छ ।

त्यस्तै हुण्डी प्रयोग नगरेको स्वघोषणा नगर्ने सेवाग्राहीलाई १० दिनको 'वर्किङ आवर' राखेरमात्रै सेवा दिइने दूतावासले प्रस्ट पारेको छ । दूतावासले एक हप्ताअघि पनि इजरायल रोजगारीमा रहेका नेपालीहरूलाई आफ्नो आम्दानीको अंश (पैसा) नेपाल पठाउँदा वैधानिक माध्यमबाट मात्रै पठाउन सूचित गरेको थियो ।

## बोलपत्रद्वारा गोलिया काठ लिलाम बिक्री वितरण सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८१/०८/१३

यस चन्द्रसूर्य सा.व.उ.स. हरिहरपुरगढी गा.पा. ५, सिन्धुलीबाट आ.व. २०८०/०८१ मा उत्पादन भई तिनतले, हरिहरपुरगढी गा.पा. ५, सिन्धुलीमा घाटगद्दि गरी राखिएको लट नं. १ को साल जातको गोलिया थान १८४ को १२१५.०२ क्यूफि गोलिया काठ व्यापारिक प्रयोजनको लागि बिक्री वितरण गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ । काठ दाउरा जे, जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी वन नियमावली २०७९ को नियम १२८ बमोजिम योग्य उद्योगहरूले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजे भित्र बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टांस गरिएको छ ।

श्री चन्द्रसूर्य सा.व.उ.स.
हरिहरपुरगढी गा.पा.- ५, सिन्धुली


## बहराईनमा रोजगार

कम्पनी :MECHANICAL CONTRACTING & SERVICES COMPANY W.L.L.

पूर्व स्वीकृति मिति : २०८१/०८/१२ LT. No. 314401 चलानी नं. ६०२२८७०७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | FITTER | 15 | 0 | 150 | ५३,७७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | General Worker (Construction) | 10 | 0 | 120 | ४३,०१८ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर २० गते (5th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Eminence Recruitment International Pvt Ltd Govt. License No. 1569/079/80
Bhimsengola-31, Prayagmarg, Kathmandu Tel No: 01-4110036, 4110040, 9851164154, 9849964370
9803193977, Branch Office Chitwan (9855063454, 9806595102, Email : Info@eminencenepal.com, Website : Ww.eminencenepal.com


## भुल-सुधार

प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८१/०८/०७ गते प्रकाशित भएको ७ दिने लिलाम बिक्रि सूचनामा ऋणी आदित्य जेनरल स्टोर्सको शाखा कार्यालय मिर्चैया हुनुपर्नेमा अन्यथा हुन गएकोले भुल-सुधार गरिएको छ ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
शाखा कार्यालय मिर्चैया फोन नं. ०३३-५५०८६७

## नेपाल सरकार
### दावी विरोध सम्बन्धी
### वैदेशिक रोजगार विभागको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजतपत्र प्राप्त संस्था **International Manpower Recruitment Pvt.Ltd. (ई.प.नं.३०९/०५९/०६०) को साविक ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं. ०९** मा रहेको कार्यालयको साविकको ठेगाना परिवर्तन गरी **ललितपुर जिल्ला ललितपुर महानगरपालिका, ग्वाँको वडा नं. ०७** कायम गर्न माग भई आएकोले उक्त प्रा.लि.को माग बमोजिम साविकको ठेगाना परिवर्तन गर्दा कोही कसैलाइ मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस विभागको संस्था दर्ता शाखामा उजुरी/निवेदन पेश गर्नु हुन अनुरोध छ । अन्यथा कानुन बमोजिम भई जाने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराइन्छ ।

## कर्मचारी हटाइएको सम्बन्धी सूचना

यस **Chandani Management Services Pvt. Ltd.** (ई.प.नं. ८३४/०६६/०६७) मा कार्यरत **राजु गुरुङ (ना.प्र.प्र.नं: ६८०१/१०६)** ले यस प्रा.लि. मा काम गर्दै आउनु भएको र आफ्नो व्यक्तिगत काम विशेषका कारण राजीनामा दिनु भएको हुनाले निजसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

CHANDANI MANAGEMENT SERVICES PVT. LTD.
Basundhara-3, Kathmandu , Tel: +977-1- 4955422, 4960522
E-mail: info.cmservices2009@gmail.com, Website : www.chandanimanpower.com

## एनएमबि बैंक लिमिटेड
### बबरमहल, काठमाडौं फोन नं: ५३४६१६०
### हकदाबी गर्न आउने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना
### प्रकाशित मितिः २०८१/०८/१३

यस बैंकको निक्षेपकर्ता श्री मुन्नी साहको नाती, श्री राम ईश्वर साहको छोरा, धनुषा जिल्ला, सुगानिकास गा.वि.स., वडा नं. ०२ घर भई हाल धनुषा जिल्ला जनकपुरधाम उप-माहानगरपालिका वडा नं. १४ बस्ने वर्ष ८० को श्री देव शरण साहको मिति २०८०/०७/२८ गते निधन भएकोले मृतकको नाममा यस बैंकमा खोलिएको बचत खातामा रहेको रकमहरु उपलब्ध गराई दिनुहोस् भनी निजको पत्नी राधा देवी सुडीले मृत्यु दर्ताको प्रमाणपत्र, नाता प्रमाणपत्र लगायतका कागजातहरु समेत संलग्न गरी निवेदन दिनु भएको हुँदा निज निक्षेपकर्ताको निक्षेपमा निवेदक बाहेक अन्य कुनै व्यक्तिको हकदाबी रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र हकदाबी गर्न आउनु हुन अनुरोध छ । अन्यथा उपरोक्त बमोजिमको निक्षेप रकमहरुमा निवेदकको माग बमोजिम मृतकको पत्नी राधा देवी सुडीको हक कायम हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

कर्णाली प्रदेश सरकार

## जलश्रोत तथा उर्जा विकास मन्त्रालय
## खानेपानी, सिंचाइ तथा उर्जा विकास कार्यालय कालिकोट

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मितिः २०८१/०८/१३

उपरोक्त सम्बन्धमा यस कार्यालयबाट मिति २०८१/०७/०९ गते अन्नपूर्ण राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार बोलपत्र आव्हान भई E-Bidding मार्फत दर्ता भएको बोलपत्रको मूल्यांकन गर्दा तपसिल बमोजिमको बोलपत्रदाताको बोलपत्र न्युनतम मूल्यांकित सारभूतरुपमा प्रभावग्राही देखिन आएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा १ बमोजिम बोलपत्र स्वीकृतिको लागि छनोट भएको हुँदा सोहि ऐनको दफा २७ को उपदफा २ प्रयोजनार्थ सम्बन्धित बोलपत्रदाताहरूलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | छनोट भएका बोलपत्रदाताहरु | कबोल अंक रू. (भ्याट र पि.एस. सहित) |
|---|---|---|---|---|
| 1 | 03/NCB/CIP/Works/WIEDO-Kalikot/2081-082 | Construction of Canal and It's Structure at Chhetadi Sipkhana ISP, Raskot 1,2,3 | Sadbhav and Sadixya Nirman Sew, Raskot-6, Kalikot | **21,11,711.30** |
| 2 | 04/NCB/KIP/WorksWIEDO-Kalikot/2081-082 | Construction of Canal and It's Structure at Kotia Isp, Pachaljharana-9, Kalikot | Kushal Nirman & Order Supplier, Nanikot 6, Pachaljharana | **18,01,888.60** |
| 3 | 05/NCB/KWSP/WorksWIEDO-Kalikot/2081-082 | Construction of Intake, Transmission line and RVT at khibala to simdanda WSP, Pachaljharana-3, Kalikot | Jitjung Nirman Sewa, Pachaljharana-3, Kalikot | **26,59,879.78** |

कार्यालय प्रमुख


## बहराइनमा रोजगार

कम्पनी : ALKOOHEJI TECHNICAL SERVICES

पूर्व स्वीकृति मिति : २०८१/०८/१२ LT. No. 314399 चलानी नं. ६०२२८७९०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 30 | 0 | 100 | ३५,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर २० गते (5th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


SUN RAY GLOBAL OVERSEAS PVT. LTD. LIC No. 918/067/68
Kathmandu-9, Sinamangal. Tel: +977-1-4560974, 4564202,
Email: sunray918@gmail.com, srgoverseas@gmail.com

## MAURITIUS मा रोजगार

कम्पनी : Rogers Hospitality Operations LTD

पूर्व स्वीकृति मिति : २०८१/०१/०७ पुन विज्ञापन स्वीकृति मिति : २०८१/०८/१२ LT. No. 303504 चलानी नं. ६०२१८४१७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Cook | 21 | 0 | 16500 | ४७,७४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cook | 15 | 0 | 16500 | ४७,७४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर २० गते (5th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


GRACE OVERSEAS PVT. LTD. Govt. License 852/066/067
Chappalkarkhana-04, Kathmandu, Nepal, Tel : +977-01-4526853, Mobile: 9851086232, 985-2071785
Email: infograceoverseas@gmail.com, Web: www.graceoverseas.com.np

## कुवेतमा रोजगार

कम्पनी : Roots Roastery Food Equipment Company

पूर्व स्वीकृति मिति : २०८१/०८/१२ LT. No. 314404 चलानी नं. ६०२२८७२८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista/Waiter | 4 | 0 | 140 | ६१,५३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर २० गते (5th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Green Tara International Overseas Services Pvt. Ltd.
Damodar Marga,Jawalakhel, Lalitpur, Tel: +977-015442013/14
Email: greentara.overseas@gmail.com, Website : www.greentaraintl.com

## युएइमा रोजगार

कम्पनी : Eye On Technology LLC

पूर्व स्वीकृति मिति : २०८१/०८/१२ LT. No. 314381 चलानी नं. ६०२२८७२१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Industrial Wiring Electrician | 6 | 0 | 1200 | ४४,१७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर २० गते (5th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


PREMIUM HR
PREMIUM HUMAN RESOURCE
Govt. License 1631/080/081 Samakhusi-3, Kathmandu, Tel: 5917815, 5917814, 9851230753, Email: hr@premiumhr.com.np, Web: www.premiumhr.com.np


## हरिहरपुरगढी गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
### झनझने, सिन्धुली
### बागमती प्रदेश, नेपाल

## कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशन मितिः २०८१/०८/१२**

प्रस्तुत विषयमा हरिहरपुरगढी गाउँपालिकाको लागि आवश्यक तपसिल बमोजिमका कर्मचारीहरु करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिनभित्र विवरण र राजश्व तिरेको रसिद सहित यस गाउँकार्यपालिकाको कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ ।

**तपसिलः**

| क्र.सं. | विज्ञापन नं. | पद | संख्या | कैफियत |
|---|---|---|---|---|
| १. | १०/२०८१/०८२ | अ. सव ईन्जिनियर | ३ | स्थानीय सेवाको चौथो तह सरह |
| २. | ११/२०८१/०८२ | रोलर चालक | १ | |
| ३. | १२/२०८१/०८२ | कार्यालय सहयोगी | १ | |

**आवश्यक न्युनतम योग्यता र अनुभवः**

१. असिस्टेन्ट सव-ईन्जिनियर पदको लागी आवश्यक न्यूनतम योग्यता र अनुभवः
क) सिभिल इन्जिनियरिङमा TSLC वा सो सरह उतीर्ण भएको
ख) अनुभव र सीपः प्राविधिक सहायकमा देहायका अनुभव र सीप आवश्यक पर्नेछः
- कम्तीमा ३ महिने तालिम लिई आधारभूत कम्प्यूटर सीप भएको,
- पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्ने टोलीमा काम गरेको अनुभव, पारस्परिक सम्बन्ध सम्बन्धी सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएको ।

ग) उमेर – कम्तीमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।

२. रोलर चालकको हकमा
- रोलर चालकको अनुमतिपत्र भएको,
- उमेरः १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको
- साधारण लेखपढ गर्न जान्ने

३. कार्यालय सहयोगीको हकमा
- उमेरः १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको
- कक्षा ८ उत्तिर्ण

४. दरखास्त पेश गर्ने स्थानः हरिहरपुरगढी गाउँकार्यपालिकाको कार्यालय, झनझने सिन्धुली ।
५. दरखास्त पेश गर्ने अन्तिम मितिः २०८१/०८/२६ गते कार्यालय समय भित्र ।
६. आवेदन दस्तुरः सव-ईन्जिनियर रु. १२००/-, रोलर अपरेटर रु. १०००।-, कार्यालय सहयोगी रु. ८००/-
७. छनौटको आधारः प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र अन्तर्वाता ।
८. आवेदनका साथ पेश गर्नुपर्ने कागजातहरु (आवेदक स्वयंमले प्रमाणित गरेको)
- नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
- न्युनतम योग्यताको लब्धांक प्रमाणपत्र
- चारित्रिक प्रमाणपत्र
- सवारी चालक अनुमति पत्रको प्रतिलिपि (रोलर अपरेटरको हकमा)
- अनुभव खुल्ने कागजातहरु,
- २ प्रति पासपोर्ट आकारको फोटो,

९. सेवा सुविधाः गाउँपालिकाको नियमानुसार ।
१०. सम्पर्क मितिः २०८१/०८/२६ गते ।

प्रमुख प्रशासकीय अधिकृत

# उपनिर्वाचनको पर्यवेक्षणका लागि नौ संस्थालाई अनुमति

**काठमाडौं (प्रस)–** निर्वाचन आयोगले स्थानीय तहको उपनिर्वाचनको पर्यवेक्षणका लागि विभिन्न नौ वटा संस्थालाई अनुमति दिएको छ ।

आयोगले गत कात्तिक २६ को निर्णयअनुसार पर्यवेक्षणका लागि आवेदन माग गरेको थियो । ती संस्थालाई सकभर सबै मतदानस्थलमा प्रतिसंस्था बढीमा दुई जनाको दरले खटाउने गरी आयोगबाट निर्णय भएको थियो ।




उपनिर्वाचनमा परिचालन हुने पर्यवेक्षक संघ/संस्था र व्यक्तिहरूसँग बुधबार अन्तरक्रिया सम्पन्न गरेको छ । अन्तरक्रियामा कार्यक्रममा पर्यवेक्षकहरूले निर्वाह गर्नुपर्ने भूमिका र पालना गर्नुपर्ने आचारसंहितालगायतका विषयमा छलफल भएको थियो ।

छलफलमा प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले पर्यवेक्षण गर्ने संस्थाले निर्वाचन सम्पन्न भएको मितिले बढीमा ३० दिनभित्र आयोगमा प्रतिवेदन पेस गर्न आग्रह गरे । प्रतिवेदन प्राप्त भएपछि निर्वाचन व्यवस्थापन सुधारका लागि दिइएका सुझाव क्रमशः कार्यान्वयन गर्दै लगिने उनले प्रतिबद्धता व्यक्त गरे ।

सो अवसरमा निर्वाचन आयुक्त सगुनशमशेर जबराले उपनिर्वाचनमा खटिइ जान लागेका पर्यवेक्षकलाई विगतका निर्वाचनमा अनुभव गरिएका विषयलाई सुझावको रूपमा प्रस्तुत गर्दै पर्यवेक्षण प्रतिवेदनका सुझावलाई आयोगले सदैव गम्भीररूपमा लिई कार्यान्वयन गरिरहेको बताए ।

आयोगका सचिव रविलाल पन्थले पर्यवेक्षकले निष्पक्षतापूर्वक तोकिएको मतदानस्थलमा गई आयोगले गरेका व्यवस्थाको प्रभावकारिताका सम्बन्धमा प्रतिवेदनमा उल्लेख गर्न पर्यवेक्षकलाई आग्रह गरेको आयोगकी प्रवक्ता नीता अर्याल पोखरेलले जानकारी दिइन् ।

# 'घरेलु हिंसामा साक्षर महिला बढी पीडित'

■ प्रभाव संवाददाता

**काठमाडौं–** पढेलेखेका र शिक्षित महिला बढी घरेलु हिंसाबाट प्रभावित भएको तथ्यांक सार्वजनिक भएको छ । महिला पुन:स्थापना केन्द्र (ओरेक) ले प्रकाशन गरेको वार्षिक प्रतिवेदन 'अन्वेषी २०८१' मा घरेलु हिंसामा परेका महिलाको शैक्षिक अवस्था अध्ययन गर्दा ७७ प्रतिशत साक्षर महिला हिंसाबाट पीडित भएको तथ्यांक उल्लेख छ ।

संस्थाले महिला हिंसाविरुद्धको १६ दिने अभियानका सन्दर्भमा सार्वजनिक गरेको वार्षिक प्रतिवेदनमा यो वर्ष कूल एक हजार ३९३ महिला हिंसाका घटना घटेको तथ्यांक छ । सोमध्ये सबैभन्दा बढी (६५ प्रतिशत) ९११ जना घरेलु हिंसाबाट प्रभावित रहेका छन् । हिंसामा परेका साक्षर महिलाको संख्या एक हजार ७३ रहेको छ भने २३ प्रतिशत महिला निरक्षर छन् । आधारभूत शिक्षा लिएका ५२ प्रतिशत र माध्यमिक शिक्षा लिएका ३५ प्रतिशत महिला घरेलु हिंसाका पीडित भएको तथ्यांक छ ।

ओरेककी कार्यकारी निर्देशक सुनिता मैनालीले ओरेक कार्यरत जिल्लाबाहेक महिला मानवअधिकार रक्षकहरूसँग समन्वय गरी सातवटै प्रदेशबाट तथ्यांक संकलन गरिएको बताइन् । गत जुलाई २०२३ देखि जुन २०२४ सम्म संकलन गरिएका महिलामाथि भएका लैंगिक हिंसाका घटनाको तथ्यांक अभिलेखीकरण गरी त्यसको बहुपक्षीय विश्लेषणका साथ उक्त पुस्तक तयार पारिएको निर्देशक मैनालीले जानकारी दिइन् । उनका अनुसार संकलित घटना प्रतिनिधिमूलक मात्र रहेको जनाउँदै पीडकलाई गरिने राजनीतिक संरक्षण, हिंसा प्रभावितलाई नै हिंसाका लागि जिम्मेवार बनाउने प्रवृत्ति, झन्झटिलो न्यायिक प्रक्रियालगायत कारणले अझै धेरै घटनाहरू बाहिर आउन सकेका छैनन् ।

पुस्तकमा महिलामाथि हुने हिंसाका विभिन्न स्वरूप जस्तैः घरेलु हिंसा, सामाजिक हिंसा, बलात्कार, मानव बेचबिखन, यौनहिंसा, आत्महत्या, मनोरञ्जन क्षेत्रमा हुने हिंसा, हानिकारक परम्परागत अभ्यासले निम्त्याएको हिंसालगायत यस वर्षको अन्वेषीमा महिला मानवअधिकार रक्षकमाथि भएका हिंसा र जोखिमको अवस्था, विपद्को समयमा घटेका महिला हिंसाका घटनाको अवस्थालाई समेत समेटिएको छ ।

## बेदकोट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

सिसैया, कञ्चनपुर

सुदूरपश्चिम प्रदेश, नेपाल

## आ.व.२०८१/०८२ का लागि ढुंगा, गिट्टी, बालुवा, ग्राभेल लगायतको कर तथा शुल्क संकलनको ठेक्का सम्बन्धि बोलपत्र आह्वानको सूचना

प्रकाशित मिति : २०८१।०८।१३

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा(२) को घ(छ), उपदफा ४ ञ तथा सोही ऐनको दफा ६४ को उपदफा १ (च) मा व्यवस्था भए बमोजिम यस न.पा.क्षेत्रबाट संकलन भई आन्तरिक खपत वा अन्य न.पा./गा.पा.निकासी पैठारीका लागि ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल तथा माटोमा आ.व.२०८१/०८२ का लागि आन्तरिक आय सम्बन्धि ठेक्का बोलपत्रका माध्यमबाट गराउनु पर्ने भएको हुँदा देहाय बमोजिमको ठेक्काको सबै योग्य बोलपत्रदाताहरूको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय पोर्टल www.bolpatra.gov.np/egp मार्फत बोलपत्र आह्वानको सूचना गरिएको छ । बोलपत्र पेश गर्ने अन्तिम मिति २०८१/०८/२८ गते १२:०० बजे सम्म र सोही दिनको २:०० बजे बोलपत्र खोलिनेछ । बोलपत्र पेश अनिवार्य रूपमा विद्युतीय माध्यमबाट मात्र गर्नु पर्नेछ । उक्त ठेक्का लिन इच्छुक फर्म वा कम्पनीहरूले फर्मको नविकरण भएको प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र, आ.व.२०८०/०८१ को करचुक्ता प्रमाण पत्र र नेपाली नागरिकताको प्रमाणित प्रतिलिपिहरु संलग्न राखी तोकिएको न्यूनतम अंकमा नघट्ने गरि बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएकोछ ।

तपसिल:

| बोलपत्र/ ठेक्का नं. | नदीजन्य पदार्थ, कर तथा दस्तुर संकलन क्षेत्र । | नदीजन्य पदार्थको परिमाण (घ.मि.) | न्यूनतम ठेक्का मूल्य रु. (मु.अ.कर बाहेक) | बोलपत्र फाराम दस्तुर रु. | धरौटी रकम रु. |
|---|---|---|---|---|---|
| १९/२०८१/ ०८२/R | स्वीकृत प्रारम्भिक वातावरणीय प्रतिवेदन (IEE) मा उल्लेख भए बमोजिम बेदकोट न.पा.का नदीहरूका विभिन्न घाट (बगुन र छेला) बाट ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल र माटोमा रोयल्टी उठाउने कार्य । | ९९,०००।०० घ.मि. | रू. २,०९,७६,१२०।०० | रू. ३,०००।- | कबोल अंकको ५ प्रतिशत |
| २०/२०८१/ ०८२/R | स्वीकृत प्रारम्भिक वातावरणीय प्रतिवेदन (IEE) मा उल्लेख भए बमोजिम बेदकोट न.पा.का नदीहरूका विभिन्न घाट (घुर्सुवा, मुसेपानी, गाउजी) बाट ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल र माटोमा रोयल्टी उठाउने कार्य । | ४९,५००।०० घ.मि. | रू. १,०४,८८,०६०।०० | रू. ३,०००।- | कबोल अंकको ५ प्रतिशत |

शर्तहरू :

१. बोलपत्र सम्बन्धि कागजातहरु मिति २०८१/०८/२८ गते दिउसो १२:०० वजे भित्र बोलपत्र फाराम दस्तुर रू.३,०००।- (पछि फिर्ता नहुने गरी) एन.आई.सी. एशिया बैंक, बेदकोट शाखामा रहेको राजश्व खाता नं. 1852050028240002 मा रकम नगदै जम्मा गरेको सक्कल बैंक भौचर लिई सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय पोर्टल www.bolpatra.gov.np/egp मार्फत आवेदन दिन सकिनेछ ।

२. खरिद गरेको बोलपत्र मिति २०८१/०८/२८ गते दिनको १२:०० बजे सम्म सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय पोर्टल www.bolpatra.gov.np/egp मार्फत दर्ता गरी सक्नुपर्नेछ । दर्ता भएका बोलपत्रहरु कार्यालय प्रतिनिधि तथा बोलपत्रदाता वा निजहरूका प्रतिनिधिहरूको रोहवरमा सोही दिनको अपरान्ह २:०० बजे खोलिनेछ । बोलपत्रदाता वा निजका प्रतिनिधिहरु उपस्थित नभएपनि बोलपत्र खोल्ने कार्यमा बाधा पर्नेछैन ।

३. धरौटी (जमानत) बापत आफुले कबोल गरेका अंकको ५ प्रतिशतका दरले हुने रकम बेदकोट नगरपालिका, नगर कार्यपालिकाको एन.आई.सी.एशिया बैंक, बेदकोट शाखामा रहेको धरौटी खाता नं. I5CA052423252403 मा रकम नगदै जम्मा गरेको सक्कल बैंक भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तीमा १२० दिन म्याद भएको मान्यता प्राप्त वाणिज्य बैंक बाट यस कार्यालयको नाममा जारी भएको विडबण्ड बोलपत्र साथ पेश गर्नु पर्नेछ ।

४. बोलपत्र दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु क्रमशः लगत्तै कार्यालय खुलेको दिन हुनेछ ।

५. आयकर लगायत स्थानीय कर र नेपाल सरकारलाई तिर्नु बुझाउन पर्ने सबै कर (मु.अ.कर बाहेक) सम्बन्धित बोलपत्रदाताले स्वयं व्यहोर्नु पर्नेछ ।

६. बोलपत्र कुनै कारण देखाई वा नदेखाई स्वीकृत गर्ने वा नगर्ने अधिकार कार्यालयमा निहित रहनेछ ।

७. बोलपत्र सम्बन्धमा अन्य कुराहरु बुझ्नु परेमा यस वेदकोट न.पा. कार्यालयमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

---

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
**पशु सेवा कार्यालय**
लगनखेल, ललितपुर (कार्यक्षेत्र: काठमाण्डौं, भक्तपुर, ललितपुर)

## प्रस्ताव आव्हानको सूचना

सूचना नं. २
प्रथम पटक प्रकाशित मिति: २०८१/०८/१३

यस पशु सेवा कार्यालय, ललितपुरको आ.व. २०८१/८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार कार्यक्रम संचालन गर्न इच्छुक एवं मापदण्ड पुरा गरेका दुग्धजन्य पदार्थ कारोबार गर्ने कृषक समूह/सहकारी/निजी फार्मले तोकिएको समय सीमा भित्र आवश्यक कागजात सहित कार्यालय समय भित्र यो सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र आवेदन दर्ता गराउनु हुन सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। साथै रित नपुगि तथा म्याद नाघि दर्ता हुन आएका प्रस्तावहरु दर्ता गरिने छैन ।

| क्र.सं. | कार्यक्रम | एकाई | परिमाण | कुल बजेट (लाख) | आवेदक | कार्यविधि | स्थान |
|---|---|---|---|---|---|---|---|
| १ | निजी क्षेत्रको साझेदारीमा दुग्धजन्य पदार्थ भण्डारणको लागि कोल्डरुम निर्माण सहयोग कार्यक्रम | संख्या | ५ | २५ | दुग्ध उत्पादक समूह/सहकारी/निजी फर्म | प्रविधि र पूर्वाधार विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ | काठमाण्डौं, भक्तपुर र ललितपुर |

**संलग्न गर्नुपर्ने कागजातहरु**
१. रु. १०-/ को हुलाक टिकट टाँस सहित अनुसूची २ अनुसारको आवेदन
२. सम्वन्धित निकायको संस्था दर्ता प्रमाण पत्र, पान नं., र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि
३. सहकारी/समूहको हकमा गत आ.वको लेखा परीक्षण प्रतिवेदन, साधारणसभाको निर्णय, संस्थाको बैठकको निर्णय प्रतिलिपी
४. नेपाली नागरिकताको प्रतिलिपि र सहकारीको हकमा अध्यक्षको नागरिकताको प्रतिलिपी
५. अनुसूचि-३ बमोजिम प्रस्ताव र अनुसूचि ४ बमोजिम प्रतिवद्धता पत्र
६. सम्वन्धित स्थानीय तहको सिफारिस

नोट: सूचनामा उल्लेखित कार्यक्रमको बिस्तृत जानकारीको लागि यस कार्यालयको फोन नं. ०१-५४४२४४९, ०१-५४४२४४९ वा यस कार्यालयको वेबसाईट www.vhleclalitpur.bagamati.gov.np बाट डाउनलोड गरि लिन सकिने

प्रमुख ब.म.वि.उ

---


**साउदीमा रोजगार** — कम्पनी : CHIC CAR SERVICES CORPORATION

पूर्व स्वीकृति मिति : २०८१/०८/१२ | LT. No. 314331 | चलानी नं. ६०२२८७६७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading & Unloading Workers | 4 | 0 | 1200 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर २० गते (5th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
श्रम इजाजत नं.११४२/०७३/०७४
Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com



**साउदीमा रोजगार** — कम्पनी : WALEEFAH SWEETS COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०८/१२ | LT. No. 314352 | चलानी नं.६०२२८७४७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | SWEETS MAKER | 1 | 0 | 1400 | ५०,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर २० गते (5th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


ARANIKO OVERSEAS PVT. LTD.
श्रम इजाजत नं. 267/058/059
Kupondole (Opposite Hotel Himalaya), Kathmandu, Nepal.
Tel: +977 1 5455365/5010657/5010658, Email: infoaraniko267@gmail.com



**साउदीमा रोजगार** — कम्पनी : Fahd Abdulrahman Ibn Saad Al-Yabis Foundation for providing meals

१. गेहुको बिउँ खरिद कार्यको कूल रकम भ्याट र कन्टिन्जेनसी समेत रू. ५६,००,०००/०० (अक्षरेपि रू.छपन्न लाख मात्र) रहेको छ ।
२. बोलपत्र फारम फर्म वा कम्पनी दर्ताको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता सहितको स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र, आ. ब. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्र संलग्न राखी तपसिल बमोजिमको दस्तुर बुझाई प्राप्त गर्न सकिने छ ।
३. शिलबन्दी बोलपत्रदाताले फारम साथ सि. नं. २ मा उल्लेखित कागजातहरूको अतिरिक्त खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारबाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा ब्यवसाय सम्बन्धी कसुरमा आफूले सजाय नपाएको भनि लिखित रूपमा घोषणा पत्र अनिवार्य पेश गर्नु पर्नेछ ।
४. यो सूचना प्रकाशन भएको मितिले ३० दिनसम्म (मिति २०८१/०९/१४ गते सम्म) कार्यालय समयभित्र गाउँपालिका कार्यालयबाट बोलपत्र खरिद गर्न सकिने छ । बोलपत्रको प्रत्येक पानामा सही छाप गरि, शिलबन्दी गरि, खाम वाहिर फर्मको नाम/ठेगाना र कामको नाम प्रष्टसँग लेखी मिति २०८१।०९।१५ गते यस कार्यालयमा दिनको १२ बजेसम्ममा दर्ता गराउनु पर्ने छ । म्याद सकिएपछि प्राप्त हुने बोलपत्र स्वीकार गरिने छैन । दर्ता भएका दरभाउ पत्रहरू सोही दिन दिनको २:०० वजे दरभाउ पत्रदाताहरू तथा प्रतिनिधीहरूको रोहवारमा यस कार्यालयमा खोलिनेछ । बोलपत्रदाताहरू वा प्रतिनिधीहरूको उपस्थिती नभएमा पनि बोलपत्र खोल्न बाघा पर्ने छैन ।
५. एक फर्म वा संस्थाको नाममा खरिद भएको शिलबन्दी बोलपत्र अर्को फर्म वा संस्थाको नामवाट दाखिला गर्न पाईने छैन । बोलपत्र साथ ९० दिन सम्मको लागि मान्य हुने बिडबण्ड वापतको धरौटी रकम तपसिलमा उल्लेखित धरौटी रकम यस कार्यालयको नाममा रहेको एन.एम.बि.बैंक, तिलाठी,सप्तरी स्थित धरौटी खाता नं. १०८००८५०९६८०००७६ मा जम्मा गरेको सक्कलै भौचर वा सो रकम बराबरको यस कार्यालयको नाममा मान्यता प्राप्त वाणिज्य बैंकले जारी गरेको कम्तिमा १२० (एक सय बीस) दिन म्याद भएको बिडबण्ड पेश गर्नु पर्नेछ वा यस गा.पा मा नगद जम्मा गरि सो को सक्कल भौचर पेश गर्नु पर्ने छ ।
६. बोलपत्र शर्त सहित कार्यालयले उपलब्ध गराएको डकुमेन्टमा कुनै थप घट वा द्रष्टव्य लेखेको हुनु पर्नेछ । केरमेट भएको ठाउँमा अधिकार प्राप्त व्यक्तिको दस्तखत वा सही छाप हुनु पर्नेछ । रित नपुगेको वा सूचनाको शर्त विपरीत शिलबन्दी बोलपत्रमाथी कारवाही हुने छैन ।
७. बोलपत्र दाताले बोलपत्रमा अंक र अक्षर दुवैमा अनिवार्य रूपले दर रेट (मु.अ.कर बाहेक) उल्लेख गर्नु पर्नेछ । अंक र अक्षर फरक पर्न गएमा अक्षरलाई मान्यता दिईनेछ ।
८. बोलपत्र खरिद तथा दर्ता गर्ने अन्तिम दिन विदा परेमा सो को भोली पल्ट वा विदा पछि कार्यालय खुलेको दिन तोकिएको समयमा हुनेछ
९. कुनै पनि कारण जनाई वा नजनाई सम्पुर्ण वा आंशिक रूपमा बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ ।
१०. प्रचलित नियमानुसार रित नपुगेको र यस सूचना तथा बोलपत्र सम्बन्धी कागजातमा उल्लेखित शर्तहरू पूरा नभएको बोलपत्रमा कारबाही गरिने छैन ।
११. बोलपत्र फारम र यस सूचनामा उल्लेख भएका कुराहरूको हकमा यसै सूचना अनुसार र अन्य कुराहरूको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४(संशोधन सहित) एवं प्रचलित ऐन नियम बमोजिम हुनेछ ।
१२. अन्य कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयमा सर्म्पक राख्नुहुन जानकारी गराईन्छ । टेण्डर फारम साथ बिंउ उमार शक्ति परिक्षण रिपोट समेत पेश गर्नु पर्ने छ ।
१३. गा.पा लाई आबस्यक उक्त बिंउ हरू आपुर्ति गर्दा उक्त बिंउ ४० के.जि को प्याकेटमा उपलब्ध गराउनु पर्ने छ ।
१४. यस गा.पा. लाई थप परिमाणको बिंउ सामग्री आबस्यक परेमा आपुर्तिकर्ताले कबोल गरेको दररेटमा थप बिंउ सामग्री आपुति गर्नु पर्ने छ ।
१५. गेहुको बिउ को जातमा एन.एल ९७१ र बिजय जातको बिउ मात्र उपलब्ध गराउनु पर्ने छ ।

**तपसिल**

| सि. नं. | ठेक्का नं | कामको विवरण | कुल ल.ई. रकम (मु.अ.कर र कन्टिजेन्सी समेत) रु. | दरभाउपत्र दस्तुर रु. | धरौटी रकम रु | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ०१/०८०/०८१ | गेहुको बभिन्न जातको उन्नत बिउँ खरिद गरि सर्प्लाय गर्ने कार्य | रू.५६,००,०००।०० | रू.३,०००।- | रू. १,६८,०००।०० | ५०५ अनुदान गा.पा बाट र ५०५ कृषक बाट |

प्रमुख प्रशासकीय अधिकृत

प्रभाव दैनिक

## रूपशाला



### कस्तुपको 'बिर्से हुन्छ मलाई' सार्वजनिक

गायक, श्रष्टा कस्तुप पन्तको नयाँ लोकदोहोरी गीत 'बिर्से हुन्छ मलाई' सार्वजनिक भएको छ। गीत गायनमा कस्तुपलाई गायिका शान्तिश्री परियारले साथ दिएकी छन्। पन्तकै शब्द र सङ्गीत समेत रहेको गीतले प्रेममा धोका खाएका पति–पत्नीको मनोभावलाई प्रस्तुत गरेको छ, जहाँ एक अर्कामा आरोप-प्रत्यारोप गरिरहेका छन्। गीतको भिडियोमा ज्ञानु नेपाली र यशु भट्टराईको अभिनय छ। रेसम दर्लामीको छायांकन, अमृत चापागाईँको सम्पादन रहेको भिडियो सिर्जन बरालले निर्देशन गरेका हुन्। पन्तका लोकदोहोरी र सुगम सङ्गीतमा थुप्रै लोकप्रिय गीतहरू बाहिर आइसकेका छन्। उनको पछिल्लो चर्चित गीत 'बिजुली चमक्क', 'मगमग वासना' हो।

बिहीबार, १३ मंसिर २०८१ (Thursday, November 28, 2024)

**राष्ट्रिय चलचित्र पुरस्कार**

# विपिन र स्वस्तिमा उत्कृष्ट




■ प्रभाव संवाददाता

**काठमाडौं–** अभिनेता विपिन कार्की र अभिनेत्री स्वस्तिमा खड्का उत्कृष्ट अभिनेता-अभिनेत्री घोषित भएका छन्। चलचित्र विकास बोर्डको आयोजनामा बुधवार राष्ट्रपति रामचन्द्र पौडेलको प्रमुख आतिथ्यमा राष्ट्रपतिको कार्यालय शीतल निवासमा आयोजित 'राष्ट्रिय चलचित्र पुरस्कार २०८०' समारोहमा कार्कीले 'प्रसाद २' र खड्काले 'दिमाग खराब' चलचित्रबाट पुरस्कार प्राप्त गरे।

उत्कृष्ट निर्देशक चलचित्र 'दिमाग खराब'को लागि निश्चल बस्नेत बने। कार्यक्रममा सबैभन्दा धेरै अवार्ड 'बुलाकी'ले जित्यो। 'बुलाकी'ले उत्कृष्ट चलचित्रसहित लेखनमा राजबहादुर साने र छायाङ्कनमा शिव ढकालले प्राप्त गरे।

चलचित्र विकास बोर्डका अध्यक्ष दिनेश डिसी सभापति र सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वी सुब्बा गुरुङ विशेष अतिथिको रूपमा समारोहमा नेपाली चलचित्र क्षेत्रका दिग्गज कलाकार, निर्माता, निर्देशक तथा पत्रकारहरूको सहभागिता थियो।

### अवार्ड विजेताहरू

- उत्कृष्ट चलचित्रः बुलाकी
- उत्कृष्ट अभिनेताः विपिन कार्की (प्रसाद २)
- उत्कृष्ट अभिनेत्रीः स्वस्तिमा खड्का (दिमाग खराब)
- उत्कृष्ट निर्देशकः निश्चल बस्नेत (दिमाग खराब)
- उत्कृष्ट सम्पादकः मित्र डी गुरूङ (महाजात्रा)
- उत्कृष्ट छायाकारः शिव ढकाल (बुलाकी)
- उत्कृष्ट लेखनः राजबहादुर साने (बुलाकी)
- उत्कृष्ट आदिवासी मातृभाषी चलचित्रः लोजिमा (लिम्बु भाषा) निर्णायक समिति प्रोत्साहन पुरस्कार
- अभिनेत्रीः स्वस्तिमा कार्की (टुल्की)
- व्यावसायिक चलचित्रः जारी विशेष योगदान सम्मान
- तैय्यव शाह – कलाकार
- कृष्ण प्रसाद रायमाझी – प्रदर्शक
- नारायण प्रधान – द्वन्द्व निर्देशक
- विद्या कार्की – कलाकार
- नरेन्द्र महर्जन – प्रदर्शक
- नन्द किशोर प्रसाद श्रीवास्तव – कलाकार/निर्माता
- भोज बहादुर गुरूङ – निर्देशक/निर्माता
- अमूल कार्की ढली – सङ्गीत संयोजक
- ध्रुवकुमार श्रेष्ठ – प्रदर्शक
- बुद्धि तामाङ – कलाकार
- सबिता गुरूङ – कलाकार विशेष चलचित्र पुरस्कार सतीदेवी, सुगुप (लिम्बु भाषा), र मार्कली (गुरूङ भाषा) चलचित्र दीर्घ साधना सम्मान नेपाली चलचित्र इतिहासको पहिलो चलचित्र 'आमा'की अभिनेत्री चैत्यदेवी सिंहलाई चलचित्र दीर्घ साधना सम्मान प्रदान गरिएको थियो।

# तेस्रो 'जीवन्त नेपाल म्युजिक अवार्ड'का लागि आवेदन खुला

■ प्रभाव संवाददाता

**काठमाडौं–** अग्लेश्वरी हिल्स विकास कोषले तेस्रो 'जीवन्त नेपाल म्युजिक अवार्ड' आयोजना गर्ने भएको छ। कोषले अवार्डमा सहभागी हुन इच्छुक स्रष्टा तथा कलाकारले मंसिर ३० गतेभित्र फारम भरिसक्नुपर्ने जानकारी दिएको छ।

अवार्ड कार्यक्रममार्फत रामेछापको अग्लेश्वरी, सैलुङ र खाँडादेवी पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने विश्वास लिइएको र अग्लेश्वरी हिलमा बुद्धको मूर्ति निर्माणका लागि पनि सहजीकरण हुने आशा लिइएको कोषका अध्यक्ष सिजम सिञ्जालीले बताए।

आधुनिक, लोक, पप, लोकदोहोरी, गजल, राष्ट्रिय भाव, भाषाभाषी, फिल्म गीत गरी करिब २५ विधामा अवार्ड प्रदान गरिने जनाइएको छ। गायक, गायिका, संगीतकार, गीतकार, संगीत संयोजक, वाद्यवादक, म्युजिक भिडियो निर्देशक, छायाकार, सम्पादक, कोरियोग्राफर, मोडल, ड्रेस




डिजाइनर, मेकअप आर्टिस्ट जस्ता विधामा अवार्ड प्रदान गरिने सिञ्जालीले बताए। यस्तै सामाजिक क्षेत्रमा विशिष्ट योगदान दिने व्यक्तिहरूलाई जीवन्त सम्मान समेत प्रदान गरिनेछ।

आवेदनका लागि अग्लेश्वरी हिल्सको वेबसाइट र फेसबुक पेज तथा अग्लेश्वरी हिल्सको नयाँ बानेश्वर थापागाउँस्थित सम्पर्क कार्यालयबाट फारम भर्न सकिनेछ। फारमबाट प्राप्त सम्पूर्ण रकम अग्लेश्वरी हिल्स रामेछापको पर्यटन प्रवर्द्धनमा खर्च गरिने सिञ्जालीले बताए।

सिञ्जालीले २०७८ पुसमा 'जीवन्त नेपाल म्युजिक अवार्ड'को पहिलो संस्करण आयोजना गरेका थिए। काठमाडौंको सोल्टी होटलमा आयोजित पहिलो अवार्ड कार्यक्रमा गीत-संगीतका विभिन्न ३८ विधामा अवार्ड प्रदान गरिएको थियो। दोस्रो संस्करण गत वर्षको पुसमा राष्ट्रिय नाचघरमा भएको थियो। अवार्डको तेस्रो संस्करण नेपाल बाहिर गर्ने तयारी भइरहेको सिञ्जालीले जनाए।

# बिहेको ५ महिनापछि सोनाक्षीले खोलिन् रहस्य

**काठमाडौं–** बलिउड अभिनेत्री सोनाक्षी सिन्हाले यही वर्ष जुनमा आफ्ना लामो समयदेखिका प्रेमी जहीर इकबालसँग विवाह गरेकी थिइन्। सोनाक्षी र जहीरको विवाहको तस्बिर भाइरल भएपनि यो विवाहलाई लिएर उनीहरूलाई धेरै ट्रोलिङको सामना गर्नुपरेको थियो।

धेरैले सोनाक्षी र जहीरको विवाहको विरोध गरे किनभने उनीहरू फरक धर्मका थिए तर उनीहरू दुबैमा त्यसको कुनै असर भने परेन। सोनाक्षी विवाहपछि निकै खुसी छिन् र हालै उनी पति जहीर र पिता शत्रुघ्न सिन्हासँग 'द ग्रेट इन्डियन कमेडी' शोमा देखिएकी थिइन्।

सोनाक्षीसँगै उनका बुवा शत्रुघ्न र आमा पुनम सिन्हा पनि कपिलको शोमा सहभागी



भएकी थिइन्। साथै श्रीमान् जहीर इकबाल पनि यस शोको हिस्सा बनेका छन्। सम्पूर्ण परिवारको उपस्थितिका कारण कार्यक्रममा निकै रमाइलो र उत्साह थियो। यसै क्रममा दबंग गर्ल भनेर चिनिने सोनाक्षी सिन्हाले पनि एउटा रोचक खुलासा गरेकी छिन्।

सोनाक्षीले आफ्ना बुवा शत्रुघ्न सिन्हालाई तपाई आफ्नो ज्वाइँलाई राम्ररी नचिनेको बताइन्। उनी भन्छिन्, 'यदि कसैले छोरीलाई चुप लगाउन सक्छ भने त्यो मात्र हो।' यसको जवाफमा जहीर मुस्कुराउँदै भन्छन्, 'यो झूट हो। नजिकै बसेका शत्रुघ्नले ठट्टा गर्दै भन्छन्, 'त्यसो भए छोरी सहि ठाउँमा गइन्।' यसपछि सिन्हा परिवारका सबैजना कपिल शर्मासँगै हाँस्न थाल्छन्।

## रंगशाला

**दृष्टिविहीन टी-२० विश्वकप क्रिकेट**

# नेपाल पाकिस्तानसँग पराजित

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल नेत्रहीन क्रिकेट विश्वकपमा बुधबार घरेलु टोली पाकिस्तानसँग १० विकेटले पराजित भएको छ। तेस्रो पराजयसँगै नेपालले पाँच खेलमा चार अंक जोडेको छ। यसअघि श्रीलंकासँग ७० र बंगलादेशसँग ६७ रनले पराजित भएको नेपालले अफगानिस्तालाई १०८ र दक्षिण अफ्रिकाकालाई ११ रनले हराएको थियो।

नेपालले प्रस्तुत गरेको १०१ रनको लक्ष्य पाकिस्तानले ६.४ ओभरमा कुनै पनि विकेट नगुमाइ पूरा गर्यो। पाकिस्तानका लागि नइमत उल्लाहले ३० बलमा १३ चौकाको मद्दतले ७३ रनको योगदान गरे। यसैगरी मोहम्मद सफदारले २४ रन बनाए।

त्यसअघि पहिले ब्याटिङ गरेको नेपालले निर्धारित १८ ओभरमा पाँच विकेट गुमाउँदै १०० रनको योगफल तयार पारेको थियो।



नेपालका लागि भरत थापाले ३९, नरेश चौधरीले १७ र पदम बदैलाले ११ रन बनाए।

पाकिस्तानका लागि हरोन खानले दुई तथा नइमत उल्लाह, मोहम्मद सलमान र कम्रन अख्तरले समान एक विकेट लिए। नेपालले विश्वकपका सुरुका दुई खेलमा श्रीलंका र बंगलादेशसँग पराजित भए पनि दक्षिण अफ्रिका र अफगानिस्तानलाई पराजित गरेको थियो।

# हाइस्कुल टी-१० क्रिकेट च्याम्पियनसिप हुने

■ प्रभाव संवाददाता

**काठमाडौं–** युवा क्रिकेटरलाई प्रोत्साहन गर्ने उद्देश्यले ई प्लानेट नेसनल हाई स्कुल टी टेन क्रिकेट च्याम्पियनसिप हुने भएको छ।

हाइपएती इभेन्ट्स र ई प्लानेट एजुकेसनल कन्सल्टेन्सीको सहकार्यमा आगामी माघ ९ देखि १२ गतेसम्म नेसनल हाई स्कुल टी टेन क्रिकेट च्याम्पियनसिप हुन लागेको हो। देशभरका कलेजलाई सहभागी गराउने उद्देश्यले सातै प्रदेशमा छनोट प्रतियोगिता गर्न लागिकएको हाइपएतीको सिइओ एलिजा थापाले बताइन्। छनोट प्रतियोगिता आगामी पुस ३ गते हुने आयोजकले जनाएको छ।

इटहरी, जनकपुर, बुटवल,पोखरा, सुर्खेत, धनगढी र काठमाडौंमा प्रदेश छनोट हुनेछन्। सात प्रदेश र आयोजकको एक गरी कुल ८ टोलीले टी टेनमा प्रतिस्पर्धा गर्ने जनाएको छ।

हाइपएती इभेन्ट्सले बुधबार पत्रकार सम्मेलन आयोजना गर्दै प्रतियोगिताबारे जानकारी दिएको हो। नकआउटका आधारमा हुने यस प्रतियोगितामा कक्षा ११ र १२ का विद्यार्थीले मात्र प्रतिष्पर्धा गर्न पाउनेछन्।

ई प्लानेटका कार्यकारी चेयरमान नयन लामिछानेले नेपाली क्रिकेटको युवा प्रतिभावान् खेलाडीलाई प्रोत्साहन गर्ने उद्देश्यले राष्ट्रव्यापी क्रिकेट प्रतियोगिता सुरू गरेको बताए।

प्रतियोगिकाको प्रदेश विजेताले ५० हजार रूपैयाँ पाउनेछ। राष्ट्रिय प्रतियोगिताको विजेताले एक लाख रूपैयाँ र उपविजेताले ५० हजार रूपैयाँ पाउनेछन्।

प्रतियोगिताका सर्वोत्कृष्ट खेलाडीले १० हजार पाउनेछन्। विधागत उत्कृष्टले पनि १० हजार र ट्रफी पाउनेछन्। प्रतियोगितामा कुल ५७ वटा टोलीले प्रतिस्पर्धा गर्ने आयोजकले जनाएको छ। यो प्रतियोगिताले नेपालभरका हाईस्कूल खेलाडीहरूले आफ्नो प्रतिभा प्रदर्शन गर्न पाउने भएकाले राष्ट्रिय खेलाडी बन्ने वातावरण पनि निर्माण हुने आशा गरेको छ।

**सूर्य नेपाल गल्फ टुर २०२४/२५**

# तोरणको शीर्षस्थान कायमै

■ प्रभाव संवाददाता

**काठमाडौं–** सूर्य नेपाल गल्फ टुर २०२४/२५ अन्तर्गत सूर्य नेपाल सेन्ट्रल ओपनको तेस्रो दिन तोरण विक्रम शाही समग्रमा ११-अन्डर २०५ को स्कोरमा शीर्षस्थानमा कायमै रहेका छन्। उनले बुधबार १-अन्डर ७१ को स्कोर निकाल्दा एमेच्योरद्वय सद्भाव आचार्य र राहुल विकेलाई चार स्ट्रोकले पछि पार्दै उपाधि जित्ने सम्भावनालाई बलियो बनाएका छन्।

एमेच्योरद्वय सद्भाव र राहुल ५४-होलको समाप्तिमा ७-अन्डर २०९ को स्कोरमा संयुक्तरुपमा दोस्रो स्थानमा रहे। गोकर्ण गल्फ क्लबमा आज डिफेन्डिङ च्याम्पियन सद्भावले दिनको उत्कृष्ट कार्ड निकाले। ६-अन्डर ६६ को प्रदर्शनमा उनी दोस्रो स्थानमा उक्लिए। राहुलले २-अन्डर ७० को स्कोर दर्ज गरे।

धरानका प्रो नीरज तामाङले १-अन्डर ७१ को स्कोर जोडे। समग्रमा ४-अन्डर २१२ सहित चौथो स्थानमा उक्लिए। दाबेदार नेपाल नम्बर एक भुवन नगरकोटीले ५-ओभर ७७ को खराब प्रदर्शन गरे। यो प्रदर्शनमा उनी समग्रमा १-अन्डर २१५ सहित पाँचौ स्थानमा तल झरे। जयराम श्रेष्ठले १-अन्डर ७१ को स्कोरमा, समग्रमा इभन-पार २१६ को नतिजा निकाल्दै छैटौं स्थानमा छन्। समग्रमा २-ओभर २१८ सहित रवि खड्का, कृष्णमान राजबाहक, राजेन्द्र थापा मगर र सुनिल केसीले संयुक्तरुपमा सातौं स्थान बाँडे। रवि र कृष्णमानले समान १-अन्डर ७१ मा तेस्रो दिनको खेल सकाए। राजेन्द्रले २-ओभर ७४ खेले।

फाइनल ग्रुपमा खेलेका सुनिलले बिर्सन लायक ९-ओभर ८१ को स्कोर निकाले। यो स्कोरमा उनी पाँच स्थान तल झरे। अनुभवी तोरणले तेस्रो दिनको सुरुवात सानदार गरे। पहिलो, दोस्रो, पाँचौं र छैटौं होलमा बर्डी प्रहार




गरे। ६ होल सकिँदा ४-अन्डर स्कोर गरिसकेका थिए भने नवौँ होलको बोगीले फ्रन्ट नाइन ३-अन्डर ३३ मा सकाए। तर यसपछि ब्याक नाइनमा तोरणले लय गुमाए। १२औं, १५औं र १६औं होलमा एक-एक सट खेर फाले।

१३औं होलको बर्डीका बाबजुद ब्याक नाइन २-ओभर ३८ मा सकाउन बाध्य भए। तर पनि अन्तिम १८ होलको खेल बाँकी छँदा उनले आफ्नो अग्रता ४ स्ट्रोकमा पुऱ्याएका छन्। सद्भावले दिनकै उत्कृष्ट स्कोर कार्ड तयार गर्नेक्रममा कुल सात बर्डी प्रहार गरे। पहिलो, तेस्रो र सातौं होलमा एक-एक सट बचाउँदा फ्रन्ट नाइन ३-अन्डर ३३ मा सकाए। यसपछि ११औं देखि १४औं होलमा लगातार चार बर्डी प्रहार गरे। १५औं होलको बोगीले ब्याक नाइन ३-अन्डर ३३ मा पुरा गरे। अर्का एमेच्योर राहुलले सातौं र नवौं होलको बर्डीको मद्दतमा फ्रन्ट नाइन २-अन्डर ३४ मा पुरा गरे। ११औं होलको बोगीविरुद्ध १५औं होलको बर्डीले ब्याक नाइन इभन-पार ३६ मा सकाए।

चौथो स्थानमा रहेका नीरजले फ्रन्ट नाइन १-ओभर ३७ र ब्याक नाइन २-अन्डर ३४ मा खेले। उनले पहिलो र सोर्हौं होलमा एक-एक सट खेर फाले भने १२औं, १५औं र १७औं होलमा बर्डीको सफलता प्राप्त गरे। चार दिन सम्म चल्ने प्रतियोगिताको कुल नगद पुरस्कार ८ लाख ८२ हजार रहेको छ। जहाँ विजेताले १ लाख ५० हजार, तथा दोस्रो र तेस्रो हुने खेलाडीहरूले क्रमशः १ लाख र ७५ हजार प्राप्त गर्नेछन्। शीर्ष २१ मा पर्ने अन्य प्रोफेसनल खेलाडीले पनि नगद पुरस्कार प्राप्त गर्नेछन्।

अमेरिकी राष्ट्रपति बाइडेनको घोषणा–

# द्वन्द्व अन्त्य गर्ने अमेरिकी प्रस्ताव इजरायल र लेबनानद्वारा स्वीकार



**वासिङ्टन डिसी (अमेरिका)–** अमेरिकी राष्ट्रपति जो बाइडेनले लेबनानी र इजरायलका प्रधानमन्त्रीसँग कुरा गरेको जनाउँदै उनीहरूले द्वन्द्व अन्त्य गर्ने अमेरिकी प्रस्तावलाई स्वीकार गरेको घेषणा गरेका छन् । उनले सामाजिक सञ्जाल एक्समार्फत उक्त जानकारी दिएका हुन् ।

बाइडेनले एक्समा उल्लेख गरेका छन्, 'आज, मसँग मध्यपूर्वका लागि राम्रो समाचार छ, मैले लेबनान र इजरायलका प्रधानमन्त्रीसँग कुरा गरी यस्तो घोषणा गर्न पाउँदा खुसी छु उनीहरूले द्वन्द्व अन्त्य गर्ने अमेरिकी प्रस्तावलाई स्वीकार गरेका छन् ।' अमेरिकी राष्ट्रपतिलाई समर्थन गर्दै इजरायलले जारी गरेको विज्ञप्तिमा प्रधानमन्त्री बेञ्जामिन नेतान्याहूले राष्ट्रपति जो बाइडेनसँग कुरा गरी लेबनानमा युद्धविराम सम्झौता हासिल गर्नका लागि इजरायललाई दिएको स्वतन्त्रताका लागि धन्यवाद दिएको उल्लेख छ ।

अमेरिकी राष्ट्रपति बाइडेन र फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोनले जारी गरेको संयुक्त विज्ञप्तिमा, लामो समयको अथक कूटनीतिक प्रयासपछि इजरायल र लेबनानले आफूहरूबीचको शत्रुता समाप्त भएको स्वीकार गरेको उल्लेख गरिएको छ ।

घोषणाले लेबनानमा लडाइँ बन्द गर्ने तथा हिजबुल्लाह र अन्य आतंकवादी संगठनको खतराबाट इजरायललाई सुरक्षित गर्ने छ । यो घोषणाले स्थायी शान्ति पुनर्स्थापना गर्ने अवस्था सिर्जना गरी दुवै देशका बासिन्दाहरूलाई सुरक्षितरूपमा आफ्नो घर फर्कन अनुमति दिने जनाएको छ ।

अमेरिका र फ्रान्सले इजरायल र लेबनानसँग मिलि गरेको यो व्यवस्था पूर्णरूपमा कार्यान्वयन गरी द्वन्द्वलाई थप हिंसात्मक बन्नबाट रोक्न कटिबद्ध रहेको बताएका छन् । अमेरिका र फ्रान्सले लेबनानी सेनाको क्षमता वृद्धि गरी यस क्षेत्रको स्थिरता र समृद्धिलाई अगाडि बढाउन लेबनानमा आर्थिक विकासका लागि अन्तर्राष्ट्रिय प्रयासहरूको नेतृत्व र समर्थन गर्नेसमेत प्रतिबद्धता व्यक्त गरेका छन् ।

फ्रान्सका राष्ट्रपति म्याक्रोनले पनि सामाजिक सञ्जालमार्फत आफूले इजरायल र लेबनानबीचको युद्धविराम सम्झौतालाई स्वागत गर्न चाहेको बताएका छन् । आफ्नो भाषणमा राष्ट्रपति बाइडेनले हमासले गत अक्टोबरमा गरेको आक्रमणको भोलिपल्टदेखि युद्ध सुरु भएको जनाउँदै इजरायलले युद्ध सुरु नगरेको तथा लेबनान र अमेरिकाले त्यो युद्ध नचाहेको बताएका छन् ।

बाइडेनले हिजबुल्लाहसँगको युद्ध सुरु भएदेखि ७० हजारभन्दा बढी इजरायली तथा तीन लाखभन्दा बढी लेबनानी आफ्नै देशमा शरणार्थीका रूपमा बस्न बाध्य भएको जनाएका छन् । इजरायल र लेबनानका जनताका लागि स्थायी सुरक्षा युद्धको मैदानमा मात्र प्राप्त गर्न नसकिने बताउँदै सम्झौता सीमापारको लडाइँ समाप्त गरी शत्रुताको स्थायी अन्त्यका लागि तयार गरिएको बाइडेनले बताएका छन् ।

घोषणा अनुसार 'आगामी ६० दिनमा, लेबनानी सेना एकपटक आफ्नो क्षेत्रको नियन्त्रण लिन तैनाथ हुने छन् । दक्षिणी लेबनानमा हिजबुल्लाह आतंकवादी पूर्वाधार पुनर्निर्माण गर्न अनुमति दिइने छैन । आगामी ६० दिन भित्र इजरायलले सेना फिर्ता गर्ने छ । अन्ततः दुवै पक्षका नागरिकहरू चाँडै सुरक्षितरूपमा आफ्नो घर समुदायमा फर्की आफ्नो व्यवसाय सञ्चालन र जीवनयापनमा सक्रिय हुने छन् ।

बाइडेनले फ्रान्स र अन्य साझेदारहरूसँग मिलेर सम्झौता पूर्ण र प्रभावकारीरूपमा कार्यान्वयन गरी सुरक्षाको सुनिश्चित गर्न आवश्यक सहयोग प्रदान गरिने बताउँदै यो प्रयासले लामो समयदेखि द्वन्द्वमा संलग्न इजरायल र लेबनानको भविष्य सुरक्षित हुने उल्लेख गरेका छन् । *रासस/एएनआई*

## लेबनानमा युद्धविराम घोषणाको राष्ट्रसंघद्वारा स्वागत

**बेरुत (लेबनान)–** लेबनान र इजरायली एकाइले लेबनानमा युद्धविराम सम्झौतामा पुगेको अमेरिकी राष्ट्रपति जो बाइडेनको घोषणालाई संयुक्त राष्ट्रसंघले स्वागत गरेको छ ।

लेबनानका लागि राष्ट्रसंघीय विशेष संयोजक (युएनएससिओएल) जेनिन हेनिस-प्लास्चर्टले मंलगलबार विज्ञप्ति जारी गर्दै 'यो सम्झौताले दुवै पक्षका नागरिकहरूको सुरक्षा पुनःस्थापना गर्ने प्रस्ताव-१७०१ (२००६) को पूर्ण कार्यान्वयनमा गरिएको महत्त्वपूर्ण प्रक्रियाको सुरुआतलाई संकेत गर्ने बताएका छन् । उनले 'सम्झौता कार्यान्वयन सुनिश्चित गर्न पर्याप्त काम अगाडि बढेको बताउँदै दुवै पक्षको पूर्ण र अटुट प्रतिबद्धता रहेको बताएका छन् ।

प्रस्ताव-१७०१ बाट चयन गरिएका प्रावधानहरू मात्र कार्यान्वयन गर्ने र अरूलाई मौखिक सेवा प्रदान गर्ने यथास्थिति पर्याप्त नहुनेसमेत उनले बताएका छन् । यसको माध्यमबाट विनाशकारी अध्यायको अन्त्य गर्ने अवसर प्राप्त भएकोमा विशेष संयोजकले दलहरूको प्रशंसा गरेका छन् । हाल प्राप्त उपलब्धिलाई सुदृढ पार्न ठोस कार्यहरूमार्फत काम गर्ने समय भएको उनले प्रस्ट पारेका थिए ।

अमेरिकी राष्ट्रपति बाइडेनले मंगलबार लेबनान र इजरायली एकाइ युद्धविराममा सहमत भएको घोषणा गरेका हुन् जुन बुधबारदेखि लागू हुने जनाइएको छ । युद्धविरामको घोषणा भएपछि अमेरिका र फ्रान्सले संयुक्त विज्ञप्तिमा लेबनानी सेनाको क्षमता निर्माण गर्न अन्तर्राष्ट्रिय प्रयासको नेतृत्व गर्ने र लेबनानी अर्थतन्त्रलाई सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्दै सम्झौताको पूर्णकार्यान्वयन सुनिश्चित गर्न काम गर्ने प्रतिबद्धता जनाएका छन् । *रासस/क्युएनए*

## युद्धविरामपछि बेरूतका विस्थापित बासिन्दा घर फर्के

**बेरुत (लेबनान)–** युद्धविराम लागू भएपछि द्वन्द्वका कारण क्षति भएको बेरुतको दक्षिणी उपनगरबाट विस्थापित बासिन्दाहरू बुधबार घर फर्केका छन् ।

लामो समयपछि भएको युद्धविराम कार्यान्वयनका लागि धेरैले हेजबुल्लाहको प्रशंसा गर्दै 'विजय' उत्सवसमेत मनाएका छन् । पछिल्लो समयमा इजरायलले दिनहुँजसो आक्रमण गर्दा धेरै हदसम्म खाली भएको उक्त आवासीय क्षेत्रमा विस्थापितहरू एकैचोटि फर्किंदा भीडभाड हुँदा ट्राफिक जामसमेत भएको एएफपीले जनाएको छ ।

विस्थापितहरूले आफ्नो क्षतिग्रस्त घर र व्यवसाय देखेर आँसु बगाउँदै उत्खननकर्ताहरूको सहयोगमा भग्नावशेष हटाउनका लागि पर्खिरहेका थिए । स्थानीय इञ्जिनियर निजाम हमादेले आफ्नो घरतर्फ फर्किंदै हमलामा मृत्यु भएका हेजबुल्लाह नेता सैयद हसन नस्रल्लाहको उपनगरमा फर्किंदा उनीहरूलाई धन्यवाद दिँदै फर्किएको एएफपीले जनाएको छ ।

दक्षिण बेरुत उपनगरले मंगलबार द्वन्द्वको सबैभन्दा तीव्र रूपको सामना गरेको थियो । युद्धविराम लागू भएपछि आफूहरू घर फर्किएको उक्त उपनगर निवासी फातिमाले बताएका छन् । *रासस/एएफपी*


**कतारमा रोजगार** — कम्पनी : Tanzifco Comapny
पूर्व स्वीकृति मिति : २०८१/०८/१२ | LT. No. 314478 | चलानी नं. ६०२२८७९३

| सि.नं. | कामदारको पद | पुरुष | महिला | QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 0 | 50 | 1000 | ३७,१३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर २० गते (5th Dec. 2024) मा हुनेछ ।

HAPPY NEPAL EMPLOYMENT PVT. LTD
Maharajgunj-3, 2 No. Gate President House Kathmandu, Nepal, Tel: +977-1-4535733/4538533
Mob: 9810124818, 9847364227, Kalyan Thapa: 9840510091, 9851194513
Email: happynepalemployment@gmail.com, Web: www.happynepalemployment.com.np
Branch Office: Prithivichowk -8, Pokhara, Kaski, Mob: 9806625652
Email: happynepalemploymentpvtltdpokh@gmail.com
श्रम इजाजत नं. ८८३/०६७/०६८

**युएईमा रोजगार** — कम्पनी : LAZOURDY CONTRACTING & GENERAL MAINTENANCE
पूर्व स्वीकृति मिति : २०८१/०५/११ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०८/१२ | LT. No. 309482 | चलानी नं. ६०२२४१९९

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Shuttering Carpenter | 31 | 0 | 1200 | ४४,१७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Steel Fixer (Gulf Experience) | 27 | 0 | 1200 | ४४,१७० | | | | | | | |

कम्पनी : AL MAJD INSULATION MATERIALS CO.
पूर्व स्वीकृति मिति : २०८१/०५/१२ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०८/१२ | LT. No. 309557 | चलानी नं.६०२२४४०४

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour (waterproof) | 7 | 0 | 800 | २९,४४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर २० गते (5th Dec. 2024) मा हुनेछ ।

Indigo Overseas Pvt. Ltd.
Samakhushi, Kathmandu, Nepal Tel : +977-1-4387787 / 6201955, Mobile No.9840806449, 9823025516
E-mail : indigo.pukar@gmail.com, indigo.recp@gmail.com, Website : www.ioplneoal.com

**साउदीमा रोजगार** — कम्पनी : AL MANARATAIN BLOCK AND PRECAST FACTORY
पूर्व स्वीकृति मिति : २०८१/०८/१२ | LT. No. 314412 | चलानी नं. ६०२२८७५३

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Drivers | 2 | 0 | 1500 | ५३,९७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Manufacturing Worker | 4 | 0 | 1000 | ३६,००० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर २० गते (5th Dec. 2024) मा हुनेछ ।

NEPAL WORLD OVERSEAS PVT.LTD
Govt. License No. 1682/080/081
Tinkune-32, Kathmandu, Nepal, Contact: +977-15920448, 1-4986470, Mobile: 9849478677,
E-mail : nepalworldhr@gmail.com, md@nepalworldhr.com Web: www.nepalworldhr.com

**साउदीमा रोजगार** — कम्पनी : Al-hawi Breakfast Restaurant For Providing Meals — सेवा शुल्क: नि:शुल्क
पूर्व स्वीकृति मिति : २०८१/०८/१२ | LT. No. 314460 | चलानी नं.६०२२८७६८

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bakery | 3 | 0 | 1200 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Saleh Hussein Salem Al Salama and Partner Company
पूर्व स्वीकृति मिति : २०८१/०८/११ | LT. No. 314297 | चलानी नं. ६०२२८७२३

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loader & Unloader Labor | 50 | 0 | 1000 | ३६,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर २० गते (5th Dec. 2024) मा हुनेछ ।

TRIPLE STAR EMPLOYMENT PVT. LTD.
Samakhusi-29, Kathmandu, Nepal Tel: +9771 4353826,4359552, Mob No.: 9802011164, 9846026291, 9849881033 & 9814388624 Fax: +977-1-4362951
श्रम इजाजत नं. ७४८/०६५/०६६

**साउदीमा रोजगार** — कम्पनी : Elaf najad Company Limited
पूर्व स्वीकृति मिति : २०८१/०८/१२ | LT. No. 314451 | चलानी नं. ६०२२८७५२

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Sewage Tank Truck Driver | 3 | 0 | 1800 | ६४,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर २० गते (5th Dec. 2024) मा हुनेछ ।

ROVE INTERNATIONAL PVT.LTD.
Tilganga-9, Sambhumarga, Near Airport, Kathmandu, Nepal
T: +977-01-4486922 | E:- rove35@yahoo.com I w:-www.roveintl.com
Govt.Lic. No 1033/071/072

**साउदीमा रोजगार** — कम्पनी : Mada Abdul Aziz Marzouq Al- Sharari shop for serving drinks
पूर्व स्वीकृति मिति : २०८१/०८/१२ | LT. No. 314446 | चलानी नं.६०२२८७३८

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | COFFEE PROVIDER | 2 | 0 | 1200 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : MEAT AND LOAF RESTAURANTS FOR SERVING MEALS
पूर्व स्वीकृति मिति : २०८१/०८/१२ | LT. No. 314447 | चलानी नं.६०२२८७३९

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 1 | 0 | 1400 | ५०,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर २० गते (5th Dec. 2024) मा हुनेछ ।

SKY BLUE H.R. SOLUTION PVT.LTD
Sinamangal-9, Gairigaun, Kathmandu, Nepal, Tel: 01-4593566, 9802358961/65, Emal: skybluehrsolutionspvtltd@gmail.com, Web: www.skybluehr.com

**कतारमा रोजगार** — कम्पनी : ALBA HOSPITALITY AND SERVICES
पूर्व स्वीकृति मिति : २०८१/०८/१२ | LT. No. 314378 | चलानी नं. ६०२२८७९१

| सि.नं. | कामदारको पद | पुरुष | महिला | QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accountant | 0 | 1 | 3600 | १३३,६८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner/janitress | 2 | 5 | 1000 | ३७,१३५ | | | | | | | |
| 3 | Foreman | 1 | 0 | 2500 | ९२,८३५ | | | | | | | |
| 4 | Supervisor | 0 | 1 | 2500 | ९२,८३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर २० गते (5th Dec. 2024) मा हुनेछ ।

SUN AND COMPANY PVT. LTD.
Dhumbarahi, Kathmandu, Nepal Tel : +997-1-4375649, 4376170,
Mobile: 9806817311, 9845466237, E-Mail : sun@mail.com.np, bigyan48@yahoo.com, Website : www.sunandcom.com
श्रम इजाजत नं. १६४/०५६/०५७

**बहराइनमा रोजगार** — कम्पनी : CHICKET WLL
पूर्व स्वीकृति मिति : २०८१/०४/२२ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०८/१२ | LT. No. 308434 | चलानी नं. ६०२२३१३४

| सि.नं. | कामदारको पद | पुरुष | महिला | BD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 25 | 0 | 100 | ३५,८६७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | KITCHEN WORKER | 25 | 0 | 100 | ३५,८६७ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर २० गते (5st Dec. 2024) मा हुनेछ ।

Sulav Recruitment Pvt.Ltd.
Maharajgunj, sankhapark, Kathmandu Nepal, Telephone : +977- 5903011/5903012, +977-9808961162, +977-9849148838, Email: sulavrecruitment@gmail.com, Website: www.sulavhr.com
Govt. License No. 1336/074/075

**कतार/युएइमा रोजगार** — कम्पनी : Central Ventilation Systems W.L.L
पूर्व स्वीकृति मिति : २०८१/०८/१२ | LT. No. 314392 | चलानी नं.६०२२८७४०

| सि.नं. | कामदारको पद | पुरुष | महिला | QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 8 | 0 | 1000 | ३७,१३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर २० गते (5th Dec. 2024) मा हुनेछ ।

कम्पनी : MOTION GAIN BUILDING CONTRACTING
पूर्व स्वीकृति मिति : २०८१/०८/०८ | LT. No. 314092 | चलानी नं.६०२२८७४१

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Mason (Nepal) | 2 | 0 | 1200 | ४४,१७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Painter | 2 | 0 | 1200 | ४४,१७० | | | | | | | |
| 3 | Steel Fixer, Rod Binder | 4 | 0 | 1200 | ४४,१७० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर २० देखि ३० गते (5-15 Dec. 2024) सम्म हुनेछ ।

ROSEBUD HUMAN RESOURCE PVT. LTD
Shambhu Marga, sinamangal-9, Kathmandu, Nepal , Tel.: +977-1-4597366, E-mail: info@rosebudhr.com , Web:www.rosebudhr.com
श्रम इजाजत नं. ११६५/०७०/७१

**कुवेतमा रोजगार** — कम्पनी : UNITED ENGINEERING SERVICES COMPANY WLL
पूर्व स्वीकृति मिति : २०८१/०८/१२ | LT. No. 314361 | चलानी नं. ६०२२८७३३

| सि.नं. | कामदारको पद | पुरुष | महिला | KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Laborer (Indoor/Outdoor) | 99 | 0 | 95 | ४१,७५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर २० गते (5th Dec. 2024) मा हुनेछ ।

Sunlight Recruitment Service Pvt.Ltd.
Shantinagar, Kathmandu, Nepal Tel.01-4620777, E-mail: info@sunlightrecruitment.com.np, sunlightrecruitmentservice@gmail.com, Website : www.sunlightrecruitment.com.np

**युएइमा रोजगार** — कम्पनी : Al Shiba Guards Property Services LLC
पूर्व स्वीकृति मिति : २०८१/०८/१२ | LT. No. 314418 | चलानी नं. ६०२२८७९६

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 50 | 0 | 1200 | ४४,१७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर १९ गते (4th Dec. 2024) मा हुनेछ । सम्पर्क: 9706453257, 9851166641, 981-8924747
झापामा मिति: २०८१ मंसिर १९ गते (4th Dec. 2024) मा हुनेछ । सम्पर्क: 981-7927979, 9852687979
बाजेको सेकुवा, पोखरामा मिति: २०८१ मंसिर २१ गते (6th Dec. 2024) मा हुनेछ । सम्पर्क: 9826657939, 9806178337

SUCCESS NEPAL HUMAN RESOURCE PVT.LTD
Basundhara Police Station-3, Kathmandu, Nepal, Tel: 00977-1-4110567
Email: successnepalhr@gmail.com, Web: www.successnepalhr.com
LIC No. 1128/073/074

**कुवेतमा रोजगारको अवसर** Free Visa!! Free Ticket!!
कम्पनी : Alkazemi & Alothman Co for Restaurant Management
पूर्व स्वीकृति मिति : २०८१/०८/१२ | LT. No. 314441 | चलानी नं. ६०२२८७३४

| सि.नं. | कामदारको पद | पुरुष | महिला | KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CLEANER/STEWARD | 5 | 0 | 100 | ४३,९५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Kitchen Helper | 20 | 0 | 130 | ५७,१३५ | | | | | | | |
| 3 | Waiters | 10 | 0 | 130 | ५७,१३५ | | | | | | | |
| 4 | Waitress | 0 | 5 | 130 | ५७,१३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर २० गते (5th Dec. 2024) मा हुनेछ । प्रि- अन्तरवार्ता धमाधम भइरहेको छ ।

VISION & VALUE OVERSEAS PVT. LTD.
Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 43379450
Mobile: 9767659357/ 9767659356/ 9767659358 / 9863194834, 9863194832
Email:- visionhospitalityjobs@gmail.com | URL: www.vnvnepal.com
श्रम इजाजत नं. ८२२/०६६/०६७


## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफचाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १४९६०० | प्रति तोला - ० | प्रति तोला - १८३० |



**व्यावसायिक तरकारी** | कैलालीको धनगढी उपमहानगरपालिका-६ मटियारीका किसान रामआश्रय रानाले गरेको व्यावसायिक तरकारी खेती । उनले तरकारीखेतीबाट राम्रो आम्दानी गर्दै आएका छन् । *तस्बिरः सुरेन्द्रबहादुर ताम्राकार/रासस*

## रूपन्देहीमा आयल निगमको प्रादेशिक भण्डारण गृह बन्ने

■ प्रभाव संवाददाता



**भैरहवा-** रूपन्देहीको ओमसतिया र रोहिणी गाउँपालिकामा नेपाल आयल निगमका लुम्बिनी प्रदेशिक भण्डारण गृह निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार गर्न काठमाडौं विश्वविद्यालयसँग सम्झौता भएको छ । बुधबार आयोजित कार्यक्रममा भण्डारण क्षमता वृद्धि परियोजनाका प्रमुख एवं निगमका उपनिर्देशक प्रदीप यादव र काठमाडौं विश्वविद्यालय (कन्सल्टेन्सी विभाग) का प्रमुख विवेक बरालले उक्त सम्झौतापत्रमा हस्ताक्षर गरे ।

सम्झौताअनुसार केयूले एक करोड ९५ लाख ७६ हजार पाँच सय ७८ रूपैयाँ ५५ पैसामा छ महिनाभित्र डिपिआर तयार गर्नेछ। डिपिआर तयार भएलगत्तै डिपो निर्माण अघि बढाइने र २०८४ मङ्सिरसम्म भलवारीस्थित डिपो स्थानान्तरण गरिने निगमका उपनिर्देशक यादवले जानकारी दिए । यसअघि निगमले काठमाडौंको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल परिसरमा रहेको हवाई इन्धन डिपो स्थानान्तरणका लागि डिपिआर निर्माण गर्न गत साता पुल्चोक इन्जिनियरिङ क्याम्पससँग सम्झौता गरेको थियो ।

भैरहवा-बुटवल मुख्य राजमार्गसँग जोडिएको करिब साढे पाँच बिघा जमिनमा हालको लुम्बिनी प्रादेशिक कार्यालय अवस्थित छ । यहाँ पाँच सय १९ किलोलिटर पेट्रोल, तीन हजार ४० किलोलिटर डिजेल र एक सय ४० किलोलिटर मट्टितेल भण्डारण क्षमताका ट्यांकर छन् । बढ्दो खपतको तुलनामा हकालको भण्डारण क्षमता अत्यन्त न्यून रहेको निगमको भनाइ छ। अहिलेको भण्डारण क्षमताले पेट्रोलको दुई दिन र डिजेलको पाँछ दिनको माग मात्रै धान्न सक्ने अवस्था रहेको उपनिर्देशक यादवले जानकारी दिए ।

भलवारी डिपोमा जग्गा अभावका कारण ट्यांकरलाई यथेष्ट पार्किङस्थल उपलब्ध गराउन नसक्दा सडकमै रोक्नुपर्ने बाध्यता रहेको उनको भनाइ छ । 'डिपो सञ्चालनका क्रममा बढ्दै गएको सुरक्षा चिन्तालाई सम्बोधन गर्न तथा आधुनिक सुरक्षाका उपकरण जडान तथा विस्तार गर्न पनि नयाँ डिपो निर्माण गर्न आवश्यक छ', भलवारी डिपो स्थानान्तरणको आवश्यकता प्रस्ट्याउँदै उपनिर्देशक यादवले भने ।

डिपो स्थानान्तरण गर्नुपर्ने स्थानीय बासिन्दाको दबाब र बढ्दो पेट्रोलियम खपतलाई सम्बोधन गर्न रोहिणी खोला किनारमा नयाँ डिपो निर्माण गर्न लागिएको निगमले स्पष्ट परेको छ । निगमले चालु आवको नीति तथा कार्यक्रम र बजेटमा रोहिणी नदी किनारमा रहेको करिब २१ बिघा जमिनमा आधुनिक डिपो निर्माण गर्ने उल्लेख गरेको छ ।

कन्सल्टेन्सी सेवा विभागका प्रमुख बरालले केयू र निगमबीच लामो समयदेखि अनुसन्धान मुलुक कार्यमा सहकार्य हुँदै आएको जानकारी दिँदै पेट्रोलियम भण्डारण गृहको डिपिआर निर्माण गर्न दिइएको जिम्मेवारी समयमै पूरा गर्ने प्रतिबद्धता व्यक्त गरे । यसबाट सबै प्रकारका पूर्वाधार निर्माण गर्न नेपाली जनशक्ति सक्षम रहेको पुष्टि भएको उनको भनाइ छ । निगमका उपनिर्देशक यादव पेट्रोलियम पूर्वाधार निर्माणमा इन्डियन आयल कर्पोरेसनको प्राविधिक टोलीको भर पर्नुपर्ने अवस्था अन्त्य गर्न त्रिभुवन विश्वविद्यालयअन्तर्गतको पुल्चोक क्याम्पस र काठमाडौं विश्वविद्यालयबीच सम्झौता भएको बताउँछन् ।

आधुनिक डिपो निर्माणसँगै प्रदेशभरको माग धान्ने ठूलो क्षमताको स्टोरेज ट्यांकसमेत बनाइनेछ । अब बन्ने डिपोमा डिजेल भण्डारणका लागि तीन हजार किलोलिटर क्षमताको तीन ठूलो भर्टिकल ट्यांकी निर्माण गरिनेछ । यस्तै, पेट्रोल भण्डारणका लागि दुई हजार दुई सय ८० किलोलिटर र मट्टितेल भण्डारणका लाीग पाँच सय किलोलिटरको ट्यांकर निर्माण हुनेछ ।

डिपोभित्र कम्तीमा एक सय ५० वटा ट्रक तथा ट्यांकर सजिलै आवातजावत गर्न सक्ने पार्किङस्थल पनि बन्नेछ। अमेरिकन पेट्रोलियम इन्स्टिच्यूट (एपिआई) मापदण्डअनुसार निर्माण हुने डिपोमा नवीन प्रविधिको सुरक्षा प्रणाली जडान गरिने परियोजना प्रमुख यादवले जानकारी दिए । निगमले रोहिणी खोला किनारमा भण्डारण गृह निर्माणका लागि गत वैशाखमा जमिन सम्याउने र पर्खाल लगाउने काम सुरु गरेको थियो ।

निर्माण सुरु भएको तीन वर्षमा सक्ने योजना रहेको परियोजनाको कुल लागत रु तीन अर्ब २० करोड हुने प्रारम्भिक अनुमान छ। काठमाडौं विश्वविद्यालयको विज्ञता सो परियोजनामा प्रयोग गर्न पाउँदा निगम अत्यन्त खुसी भएको जानकारी दिँदै उनले केयूको डिपिआरअनुसार तयार हुने परियोजना दिगो र आधुनिक सुविधा सम्पन्न हुने विश्वास व्यक्त गरे ।

## त्रैमासिक समीक्षा परिणाममूलक बनाउन प्रधानमन्त्रीको निर्देशन

■ प्रभाव संवाददाता

**काठमाडौं-** प्रधानमन्त्री केपी शर्मा ओलीले विद्यमान स्थितिमा परिवर्तन ल्याउनेगरी प्रभावकारी रूपमा काम गर्न मन्त्री र सचिवहरूलाई निर्देशन दिएका छन् । चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनको प्रथम त्रैमासिकको समीक्षा बैठकमा प्रधानमन्त्री ओलीले सोचेजति काम नभएकाले विद्यमान स्थितिमा परिवर्तन ल्याउनैपर्नेमा जोड दिएका हुन् ।

स्रोतको सुनिश्चितताबिना अघिल्लो सरकारबाट प्रस्तुत बजेट आएकाले पनि काम गर्न सहज नभएको उल्लेख गर्दै उनले बजेटको समीक्षा गर्न सकिने तर काम गर्ने शैलीमा भने आमूल परिवर्तन ल्याउनुपर्ने बताए । सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा उपप्रधानमन्त्रीहरू, मन्त्रीहरू, राष्ट्रिय योजना आयोगका पदाधिकारी, मुख्यसचिव र सचिवहरूसहितको बैठकमा प्रधानमन्त्री ओलीले बजेट र कार्यक्रमका विसङ्गतिलाई व्यवस्थापन गर्नुपरेको बताउँदै ११ हजार नक्कली आयोजना ल्याइएको र बहुवर्षीयखालका योजनामा यस वर्ष रू २० लाखमात्रै बजेट राख्ने खालका विकृति अन्त्य हुनुपर्ने उल्लेख गरे ।

'हरेक मन्त्रालयले उत्पादन, कृषि, ऊर्जा वा सूचना प्रविधि आदिका क्षेत्रमा हामीले नयाँ क्रान्तिकारी काम के गर्न सक्छौं भनेर सोच्नुपर्ने भएको छ । राष्ट्रिय विकासको काम र देशको अर्थतन्त्र परिचालन गफका भरमा चल्दैन । प्रक्रियावादमा मात्रै नअल्झौं । हामीले जनताका अपेक्षाबमोजिम ठोस र परिणाममूलक काम गर्न सक्नुपर्छ । देशमा रोजगारी र आम्दानी बढाउने नीति लिनुपर्छ । काम नहुँदा निरीह भएर हेरेर मात्रै हुँदैन, अब के गर्ने भन्ने ठोस योजना मलाई चाहियो । हामी सरकारमा भएको उपादेयता हुनुपऱ्यो । हिम्मतिलो तरिकाले अगाडि बढौं', प्रधानमन्त्री ओलीले प्रश्न गरे, 'तल्लो वर्गसम्म कसरी लाभ दिन सकिन्छ ? बन्द भएका उद्योगहरू के गर्ने हो ? हामीले चलाउन सक्दैनौं भने चलाउनसक्नेलाई चलाउन किन नदिने ? परिणाम नदिने र प्रभावकारी नहुने अनावश्यक संरचनाहरू किन राख्ने ?'

उनले अब अल्याङ्टल्याङ गर्ने समय नरहेकाले कुनै मन्त्रीको कार्यसक्षमता प्रभावकारी नभएमा त्यसमा पनि समीक्षा गर्नुपर्ने र कर्मचारीले उत्साहका साथ काम गर्नुपर्नेमा जोड दिए । प्रधानमन्त्री, मन्त्री र सचिवले सकारात्मक परिणामका लागि आफ्नो ठाउँबाट हस्तक्षेप गर्नुपर्ने र काम नगर्ने कर्मचारीलाई सरूवा मात्रै नगरेर कारबाही गर्नुपर्नेमा उनले धारणा राखे ।

## राष्ट्रिय गौरवका आयोजना: अपेक्षित प्रगतिको प्रतीक्षा

**काठमाडौं-** ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय मातहत आठ वटा राष्ट्रिय गौरवका आयोजना रहेपनि अपेक्षित प्रगति हुन सकेको छैन । माथिल्लो तामाकोशी जलविद्युत् आयोजना निर्माण सम्पन्न भइ सञ्चालनमा आएको भएपनि गत असोज ११ र १२ गतेको अविरल वर्षापछि आएको बाढी र पहिरोका कारण हाल आयोजना बन्द भएको छ । पुनःनिर्माणको काम भइरहेको सो आयोजनालाई शीघ्र सञ्चालनमा ल्याउने तयारी गरिएको छ । भौतिक प्रगतिको दृष्टिमा भने सो आयोजना बाहेक अन्य आयोजनाको अवस्था भने अपेक्षित राम्रो छैन ।

सो मन्त्रालय मातहत रहेका सुनकोशी मरिण डाइभर्सन बहुउद्देश्यीय आयोजनाको सुरुङ निर्माण सम्पन्न भएपनि अन्य काममा उल्लेखनीय प्रगति हुन सकेको छैन । सो आयोजनाको भौतिक प्रगति ३४ दशमलव ९० प्रतिशत र वित्तीय प्रगति ३१ दशमलव ४९ प्रतिशत बराबर छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा केही दिन पहिले पेस गरिएको विवरण अनुसार, सो आयोजनाको बाँधस्थल तथा विद्युत् गृहको ठेक्का व्यवस्थापनमा जटिलता देखिएको छ ।

बिपी राजमार्गबाट हेभी मालसामानको ढुवानी, बाँधस्थल तथा विद्युत्गृह निर्माण व्यवसायीले स्रोतसाधन तथा जनशक्तिको न्यून परिचालन गरेका कारण प्रगति हुन नसकेको मन्त्रालयले उपलब्ध गराएको विवरणमा उल्लेख छ ।

कूल एक लाख २२ हजार हेक्टरमा क्षेत्रफलमा सिँचाइ सुविधा उपलब्ध गराउने र ३१ दशमलव शून्य सात मेगावाट बिजुली उत्पादन गर्ने लक्ष्य राखिएको छ । सो आयोजना आर्थिक वर्ष २०८५/८६ मा निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको छ ।

आव २०६१/६२ देखि सुरु भएको सिक्टा सिँचाइ आयोजनाको भौतिक प्रगति ४१ दशमलव ७९ प्रतिशत मात्रै भएको छ । आयोजना सुरु भएको २० वर्ष पूरा भए पनि अदालतमा विचाराधीन विषयहरूको फैसला समयमा नहुँदा कार्यान्वयनमा द्विविधा उत्पन्न भएको छ । जग्गा अधिग्रहणको प्रक्रिया झन्झटिलो र विवादित हुन पुगेको छ । जग्गा प्राप्तिमा नै लामो समय लाग्दा आयोजनाको कार्यान्वयनमा समस्या पैदा भएको छ । सिञ्चित क्षेत्रमा बस्ती विकास र कृषि भूमिको खण्डीकरण भएको छ ।

यस्तै, डुडुंवा नहरमा अतिक्रमण भएको छ । कूल ४२ हजार हेक्टर जमिनमा सिँचाइ सुविधा पुऱ्याउने लक्ष्यका साथ सुरु भएको सो आयोजनाको कूल लागत रु ५२ अर्ब ८९ करोड छ । सो आयोजनालाई अगाडि बढाउने उपायका रूपमा मुद्दाको फैसला, सरलीकृत जग्गा प्राप्ति र कृषि भूमिको सुरक्षालाई सरकारले प्राथमिकतामा राखेको छ ।

नदी पथान्तरण आयोजनाको रूपमा रहेको भेरी बबई डाइभर्सन आयोजनामा पनि निर्माण व्यवसायीको व्यवस्थापन तथा स्रोतसाधनको कमी रहेको छ । यस्तै, जनशक्ति परिचालनमा रहेको कमजोरीले आयोजनाको काम प्रभावित भएको छ । कार्यानुभव कमीले डिजाइन समीक्षामा समस्या, हरेक वर्षको बाढीको गेग्रान सफा गरी काम गर्नुपर्ने, परामर्श सेवाको अवधि सकिने अवस्थामा रहेको छ ।

उच्च कार्य समूह बनाइ प्राविधिक काममा सहजीकरण गर्ने र ठेक्का व्यवस्थापनमा कडाइ गर्नुपर्ने अवस्था छ । आव २०७१/७२ मा सुरु भएको सो आयोजना आव २०८४/८५ मा सम्पन्न गर्ने लक्ष्य राखिएको छ । कूल लागत रु ३६ अर्ब ८० करोड बराबर रहेको उक्त आयोजनाले ४६ दशमलव आठ मेगावाट बिजुली र ५१ हजार हेक्टर जमिनमा सिँचाइ सुविधा उपलब्ध गराउने लक्ष्य राखिएको छ ।

राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको बबई सिँचाइ आयोजनामा पनि खरिद गुरुयोजनाअनुसार बजेट व्यवस्थापन हुन सकेको छैन । आव २०४५/४६ देखि सुरु भएको सो आयोजना आव २०८२/८३ मा सम्पन्न गर्ने लक्ष्य राखिएको भएपनि विद्यमान समस्याका कारण पूरा हुनेमा आशंका रहेको ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको बुझाइ छ । कूल ३६ हजार हेक्टर कृषियोग्य भूमिमा सिँचाइ सुविधा उपलब्ध गराउने लक्ष्यका साथ अगाडि बढाइएको आयोजनाको संशोधत लागत रु १८ अर्ब ९६ करोड छ । *रासस*

**मानवअधिकारको सम्मान गरौं**

- मानवअधिकार प्रकृतिप्रदत्त, जन्मसिद्ध र नैसर्गिक अधिकार हो,
- मानवअधिकार व्यक्तिको जीवन, स्वतन्त्रता, मर्यादा र समानतासँग सम्बन्धित छ,
- मानवअधिकार देशको संविधान, कानून र अन्तर्राष्ट्रिय सन्धीद्वारा प्रदत्त अधिकार हुन्,
- मानवअधिकार उल्लंघन नगरौं, सबैको मानवअधिकारको सम्मान गरौं,

**मानवअधिकारको उल्लंघन भए गरेको पाइएमा राष्ट्रिय मानवअधिकार आयोगमा उजुरी गरौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**ः एक्प्रेस कलर प्रेस, **कार्यालय**ः काठमाडौं-७, सिफल, नेपाल फोन नं.ः ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**ः marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**ः कृष्ण कार्की, **सम्पादक**ः विष्णु तामाङ